मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily



महतोलाई अपराधी चर्चा नगर्न आग्रह
पृष्ठ ३ मा

वर्ष १ • अंक ७७ • २०७९ साल माघ ११ गते बुधवार • Wednesday 25, Jan. 2023 • पृष्ठ ८ • मूल्य रु. ५/-

# विना विभागिय मन्त्रीहरुको जिम्मेवारी तोकियो

## तीन दिनभित्रै मन्त्रिपरिषद विस्तार, लोसपालाई सहभागी नगराइने

एस.के. कर्ण

जनकपुरधाम, १० माघ । शपथ ग्रहण गरेको दोश्रो सातामा मधेस प्रदेशका विनाविभागी मन्त्रीहरुको जिम्मेवारी तोकिएको छ।

मंगलबार बसेको मन्त्री परिषद बैठकबाट मुख्यमन्त्री सरोजकुमार यादवले दलीय रुपमा मन्त्रालय बाँडफाँड गर्दै विना विभागिय मन्त्रीहरुको जिम्मेबारी तोकेका हुन् । मुख्यमन्त्री यादवले शपथ ग्रहण गरेको ११ दिनपछि विनाविभागीय मन्त्रीहरुले मन्त्रालयको जिम्मेवारी पाएका हुन।

मन्त्री बसन्त कुशवाहाले दिएको जानकारी अनुसार मन्त्रिपरिषद्को बैठकबाट हाल एमालेले भौतिक पुर्वाधार विकास मन्त्रालय, जनमत पार्टी सामाजिक विकास मन्त्रालय र जसपाले अर्थमन्त्रालय दिनेगरी बाँडफाँड गरिएको हो भने छलफल जारी नै रहेकाले बाँकी ७ वटा मन्त्रालयको टुँगो भोली पर्सीसम्म लगाइनेछ । विनाविभागीय मन्त्रीहरुको जिम्मेवारी नतोकिदा मुख्यमन्त्री यादवले १० वटै मन्त्रालय आफुसँगै राखेका थिए।

उनका अनुसार एमालेबाट सरकारमा सहभागी एमालेका सरोज यादवलाई भौतिक पूर्वाधार विकास मन्त्रालय, जनमत पार्टीका वसन्त कुश्वाहालाई सामाजिक विकास मन्त्रालय र जसपाका संजय यादवलाई अर्थ मन्त्रालयको जिम्मेवारी दिइएको हो, भोलीदेखि जिम्मेवारी पाएकाहरुले आ आफ्ना कार्यभार सम्हाल्नेछ । श्रोतका अनुसार विनाविभागीय मन्त्रीहरुको जिम्मेवारी पहिला नै तोकि सकिएको थियो।

तर सामाजिक विकास मन्त्रालयमा कुरा नमिल्दा ढिलाई हुँदै आएको थियो । सामाजिक विकास मन्त्रालयमा एमाले, जसपा र जनमत तिनवटै दलले दाबी गर्दै आएका थिए। जनमतलाई कृषि मन्त्री दिने तयारी थियो, पछिल्लो पटक काठमाडौमा जनमत पार्टी र जसपाबीच सरकार संचालन सम्बन्धी भएको छलफलबाट सामाजिक जनमतलाई नै दिने आपसी सहमति भएपछि जिम्मेवारी बाँडफाँडको टुँगो लगाइएको छ।

गत पुस २९ गते मुख्यमन्त्री यादवसँगै ती बिना विभागिय मन्त्रीहरु पनि प्रदेश प्रमुख हरिशंकर मिश्रबाट शपथ लिएका थिए । सत्ता साझेदार गठबन्धनबीच मन्त्रालय बाँडफाँडमा सहमति हुन नसकेको कारण हतार हतारमा जिम्मेवारी पछि तोकिने गरी विनाविभागीय मन्त्रीमा तिनीहरुलाई शपथ ग्रहण गराइएको थियो।

सत्ता साझेदार गठबन्धनप्रति प्रदेशमा चौतर्फी आलोचना हुन थालेपछि मुख्यमन्त्री यादवले माघ ४ गते विश्वासको मत लिए लगतै विनाविभागीय मन्त्रीहरुको जिम्मेवारी तोकिने भनिएको थियो । तर गठबन्धन दलहरुबीच आपसी बाँडफाँडमा आपसी सम्झदारी हुन नसक्दा विश्वासको मत लिएको एक हप्तापछि विनाविभागीय मन्त्रीहरुले जिम्मेवारी पाएका हुन । विनाविभागीय मन्त्रीहरुले जिम्मेवारी नपाएपछि आफूखुशी सरकारी निवासमा शपथ गरेको दोश्रो दिनदेखि नै बस्दै आएका थिए। जिम्मेवारी नतोकिदै तिनीहरु मन्त्री क्वाटरमा बसिरहेको भन्ने कुराको सामाजिक सञ्जालमा आलोचना हुँदै आएको थियो । मन्त्री सरोज भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, बसन्त कुशवाहा सामाजिक विकास मन्त्रालय र संजय यादव अर्थ मन्त्रालयको सरकारी क्वाटरमा बसेका थिए।



## लोसपालाई सरकारमा सहभागी नगराइने

यसैबीच सत्ता साझेदार दलहरुले मधेश प्रदेश सरकारमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लाई तत्काल सहभागी नगराउने निर्णय गरेको छ।

मंगलवार प्रदेश स्थित सत्ता साझेदर गठबन्धनको संसदीय दलको बसेको बैठकबाट लोसपाले प्रदेश सरकारलाई समर्थन र सभामुख निर्वाचनमा समेत सहयोग गरेपनि संघीय सभामुखको निर्वाचनमा सहयोग नगरेको कारण तत्काल सरकारमा सहभागी नगराउने निर्णय गरिएको छ।

बैठक पश्चात पत्रकारहरुसँग कुरा एमाले संसदीय दलका नेता सरोज यादवले भने लोसपाले हामीलाई प्रदेशमा सरकार निर्माणदेखि सभामुख निर्वाचनसम्म सहयोग गर्दा सरकारमा सहभागी गराउने तयारी गरिएको थियो । तर संघीय सभामुखको निर्वाचनमा विपक्षी कांग्रेसलाई सहयोग गरेको त्यसलाई तत्काल प्रदेश सरकारमा सहभागी नगराउने निर्णय गरिएको हो।

साथै मन्त्रिपरिषदको विस्तार तीन दिनभित्रै गर्ने र हाल कायम रहेका मन्त्रालयमा कुनै थपघट नगरी मन्त्री र राज्यमन्त्रीको संख्या पनि विगतकै यथावत राख्ने सत्ता साझेदार दलहरुबीच सहमति भएको उनले जनाए।

पुर्व सहमति अनुसार मन्त्रालय बाँडफाँडमा माओवादी केन्द्रलाई एक, जनमतलाई दुई, जसपालाई मुख्यमन्त्री सहित तीन र एमालेलाई चार मन्त्रालय

- बाँकी पृष्ठ ६ मा

# नापी शाखा पर्सामा दलालहरुको विगविगी, सेवाग्राही मार्कामा




मधेशदृष्टि

बीरगज, १० माघ। नापी शाखा पर्सामा दलालहरुको विगविगीका कारण सर्वसाधारण सेवाग्राही मार्कामा परेका छन्।

दलालहरुको मार्फत काम भए कर्मचारीहरुले तुरुन्त गर्ने र सेवाग्राही आफै काम गराउन जाँदा नियम सँगत नमिल्ने र पछि आउनु पर्ने फर्काउने गरेको सेवाग्राहीहरुले गुनासो गरेका छन्।

पुरानो जग्गाधनी पुर्जालाई नया नापी अनुसारको जग्गालाई आफनो नाउमा ल्याउन हालसबिक गर्नुपर्ने प्रावधान रहेको छ तर कर्मचारीहरुले दलाल मार्फत गए तुरुन्त गर्ने र आफै काम गराउन जग्गा धनीलाई हाल साविक नगरी बर्षैदेखी अलझाएर राखेको देखिएको छ।

नापी शाखा पर्साले आफनो नागरिक वडापत्रमा हालसबिक १५ दिन तथा निजी जग्गा नाप नक्शा ७ दिनमा गर्ने लेखिएको छ। तर नापीका कर्मचारीहरुले नियमले मिल्ने काम अथवा हालसाबिक गर्नमा मोटो रकम माग्ने गरेको कारण पिडीत सेवाग्राहीहरुको भनाई छ।

पुरानो नक्शा अनुसार अहिले हालसाबिक गर्दा जग्गाहरु बढेको भेटिएमा विभिन्न वहाना बनाएर कर्मचारीहरुले मिल्ने कामलाई महिनौदेखि अल्झाएर राखेको गुनासो नाम नबताउने शर्तमा एक सेवाग्राहीले भने । उनले आफू कार्यालय धाउंदा धाउंदा थाकि सके तर यहाँका कर्मचारी आजभोली अघिल्लो हप्ता सहितका समय मात्र दिने गरेको बताए।

विवादित जग्गाहरुको नाप नक्शा गर्न चाहेमा राजस्व बुझाई बढीमा ७ दिनभित्रमा काम सकाउने निमयमा छ। तर र्कमचारीहरुले राजस्व तिरेका सेवाग्राहीको काम नगरि जग्गा दलालहरुको काम दिन भरि गर्ने गरेको पिडितहरुको गुनासो छ।

सेवाग्राहीहरुको आरोप बारे नापी अधिकृत नागेन्द्र महतोले कार्यालयमा दलालहरुको बिगबिगी रहेको बारे ठाडो अस्वीकार गर्दै भने त्यस्तै केही छैन, कार्यालयमा कर्मचारी अभाव रहेको कारण सेवाग्राहीले भनेकै समयमा काम हुन नसक्दा गुनासो गरेको हुन सक्छ।

अमिनहरुले प्रतिदिन फिल्ड गएको हाजिरीमा उल्लेख गर्ने तर दिनभरी भुमाफियाहरुको जग्गा नाप्न हिड्ने गरेको आरोप समेत सेवाग्राहीहरुको छ।

# सीप सिकाएर सुरक्षित वातावरणमा मात्र महिलालाई वैदेशिक रोजगारमा पठाउ



मधेशदृष्टि

जनकपुरधाम, माघ १० गते । वैदेशिक रोजगारमा जाने महिलामाथि हुने हिंसा र दूर्व्यवहार न्यूनीकरण गर्न निती नियममा परिवर्तनको आवश्यकता रहेको कुरामा वक्ताहरुले जोड दिएका छन।

मंगलबार जनकपुरधाममा राष्ट्रिय महिला आयोगद्वारा आयोजित वैदेशिक रोजगारमा संलग्न महिलाको सुरक्षित, मर्यादित र सेवाको सुनिश्चितताका लागि वैदेशिक रोजगारीको क्षेत्रमा कार्यरत निकायगत र तहगत सरोकारवालासँगको सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागीहरुले विद्यमान निती नियमले गर्दा समस्या रहेको बताए।

उनीहरुले निती नियममा परिवर्तन संगै वैदेशिक रोजगारमा जाने महिला र पुरुष दुवैलाई सीप सिकाएर, दक्ष बनाएर मात्र सम्बन्धित काममा सुरक्षाको प्रत्याभूति भएमात्र पठाउनु पर्नेमा जोड दिए।

कार्यक्रममा प्रमुख अतिथि जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले निती नियममा परिवर्तन गर्दै वैदेशिक रोजगारमा जाने हरेक व्यक्तिलाई सीप सिखाएर मात्र पठाउनुपर्ने बताए। उनले भने वैदेशिक रोजगारीमा पुरुष भन्दा महिलाहरु बढि ठगिने गर्दा हिंसा र दूर्व्यवहारको शिकार हुनु परिरहेको छ।

उपप्रमुख साहले वैदेशिक रोजगारीमा पुरुषभन्दा महिलालाई बढी चुनौती रहेकाले तिनीहरुलाई सीप सिकाएर दक्ष बनाएर सुरक्षित वातावरण भए मात्र सरकारले पठाउन

- बाँकी पृष्ठ ६ मा

## ३ महिनामै ११ हजारभन्दा बढी विदेशिए

कोभिड-१९ संक्रमणको असर कम भएसँगै धनुषाबाट वैदेशिक रोजगारीमा जानेको संख्या वृद्धि भएको छ। चालु आर्थिक वर्षको साउन देखि असोजसम्म ३ महिनामा मा ११ हजार ११९ जना वैदेशिक रोजगारीमा गएका छन्। जसमध्ये ५४ जना महिला रहेको छ।

सामी कार्यक्रम धनुषाका कार्यक्रम संयोजक सौरभ कर्णले उपलब्ध गराएको तथ्यांक अनुसार आप्रवासी श्रोत केन्द्रबाट परामर्श लिएर ३ हजार १५४ र रिटर्नी स्वयंसेवकमार्फत १ हजार २६५ गरी कूल ४ हजार ४१९ जनाले वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिएका हुन् । मृत्यु, उद्धार, एजेन्टबाट ठगिएर गएको, विरामी तथा उपचारलगायत समस्याप्राप्त १२ ९ जना, सहजीकरण भईसकेको ४५ जना, शव व्यवस्थापनमा सहजीकरण ६ जना, गन्तव्य मुलुकबाट उद्धार १५ जना, जिल्ला प्रशासन कार्यालय मार्फत ४ जना र स्थानीय स्तरमै सहजीकरण २० जनालाई न्यायमा पहुँच उपलब्ध गराइएको छ भने २ करोड ६० लाख ७३ रुपैयाँ आर्थिक सहायत उपलब्ध गराइएको सामीको तथ्यांकमा उल्लेख छ।

यसअघि गत आर्थिक वर्ष २०७८/७९ मा नेपालबाट ६ लाख ३० हजार ९० जना वैदेशिक रोजगारीमा गएकोमा धनुषाबाट सबभन्दा बढि २२ हजार १७५ पुरुष र १९ हजार ११८ महिला गरी कूल ४१ हजार २९३ जना रहेका थिए । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यो करिब ११ गुणा बढी रहेको छ। वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या फेरि बढ्न थाले पनि रेमिट्यान्स आप्रवाह भने गत साउन यता लगातार घटिरहेको छ।

यो अवधिमा हुण्डी लगायत विदेशबाट पैसा पठाउने गैरकानुनी माध्यमहरु सक्रिय हुनुका साथै क्रिप्टोकरेन्सी लगायत हाइपर फण्डमा लगानी बढेकाले रेमिट्यान्स प्रभावित भएको जानकारहरुको भनाई छ।

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं।

धनुषाधाम नगरपालिका
धनुषा, मधेश प्रदेश

# नक्कली मोबिल सहित दुई पक्राउ




मधेशदृष्टि
बीरगंज, १० माघ । नक्कली मोबिलको कालोबजारी गरेको आरोपमा पर्सा प्रहरीले बीरगंजबाट दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले ठूलो परिमाणमा नक्कली मोबिल समेत बरामद गरेको छ ।पक्राउ पर्नेमा वीरगन्ज महानगरपालिका वडा नम्बर ३ छपकैयामा समसुन ट्रेडर्सका सन्चालकद्वय वीरगन्ज ३ छपकैयाकै ३५ वर्षिय शेख आविद अली र वीरगन्ज १७ अलौंका २३ वर्षिय शेष कौशल रहेको प्रहरीले जनाएको छ ।

वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको प्रहरी टोलीले छपकैया स्थित समसुन ट्रेडर्सको गोदममा छापा मारेर खानतलाशी गर्दा गोदमममा भण्डारण गरि राखिएको अवस्थामा नक्कली मोबिल १ हजार ५० लिटर , ब्रेक आयल ४५ डिब्बा ,ब्याट्रीको पानी २ ग्यालेन र डिस्टिल वाटर १० लिटर बरामद भएको पर्साका प्रहरी नायब उपरिक्षक दिपक गिरिले जानकारी दिए ।

पक्राउ परेका सन्चालकद्वय अली र कौशललाई मंगलबार पर्सा जिल्ला अदालतमा पेश गरि उनिहरु विरुद्ध कालो बजारी अन्तर्गतको कसूरमा ७ दिनको म्याद थप अनुमति लिइ थप अनुसन्धान भइरहेको गिरिले जानकारी दिए ।

# सरस्वतीको मूर्तिमा सीप निखार्दै कुम्हाल



महोत्तरी, १० माघ
मधेस प्रदेशको महोत्तरीसहितका मिथिला क्षेत्रमा अहिले वसन्त उत्सवको उल्लास छ । श्रीपञ्चमी अर्थात् वसन्तपञ्चमी पर्वका लागि समाजमा सबै आ-आफ्नो क्षेत्रका काम हेर्दैछन् । यस पर्वमा मिथिलाका कुम्हाल जाति समुदाय अहिले सरस्वतीको मूर्तिमा आफ्नो सीप खन्याउन तल्लीन छन् । अझभन्दा मूर्तिको निखारमा कुम्हाल जुटेका छन् ।

सरस्वती पूजनोत्सवको दिन नजिकिँदै गर्दा कुम्हाललाई अहिले माटो मुछेर बनाइने देवी सरस्वतीका मूर्ति तयार गर्ने चटारो छ । वसन्तपञ्चमी र श्रीपञ्चमीसमेत भनिने माघ शुक्ल पञ्चमीका दिन उल्लासका साथ सरस्वती पूजनोत्सव मनाइने मैथिल परम्परा छ । सरस्वती पूजनोत्सवका लागि माटो मुछेर बनाइएका मूर्तिको माग हुने भएपछि अहिले कुम्हाललाई मूर्तिमा अन्तिम चरणको रङ भर्ने कामले छोपेको छ । कतिपय अझै मूर्तिमा बिभिन्न अङ्गको बनोटबारे अन्तिम छाँटकाँट पनि गर्दैछन् । मुख्यतः अहिले अब मूर्तिमा रङ भर्ने काम देखिँदो छ । "अब दिन कति बाँकी रहे र ? आउने बिहीबार त पर्व नै हो, मूर्ति त एक दिन पहिले नै तयार भइसक्नुपर्छ", मूर्तिमा कुचीले विभिन्न रङ भर्न व्यस्त महोत्तरी भङ्गाहा नगरपालिका-५ भूचक्रपुरका सीताराम पण्डित कुम्हाल भन्छन्, "दुई-चार मूर्तिमात्रै बिके पनि अलिकति रकमको जोहो हुन्थ्यो, दिन घर्केपछि फेरि मूर्ति खोज्न त कोही आउँदैनन्, त्यसैले मूर्तिको काम चाँडै सक्नुपरेको छ ।" यसपालि यही माघ १२ गते अर्थात् आउने बिहीबार श्रीपञ्चमी पर्व परेको छ । मूर्तिमा रङ भर्न घरका परिवारजन छोराछोरी पनि रमाइलोका लागि सरिक हुने गरेका सीताराम बताउछन् ।

माटो मुछेर भाँडा, मूर्ति बनाउने पेसाका कुम्हाल अब पर्वविशेषमै आफ्नो पुर्ख्यौली व्यवसाय सीमित भएको बताउँछन् । अहिले सरस्वती पूजनोत्सव नजिकिँदै गर्दा मूर्ति बनाउन लागिपरिएको सीतारामको भनाइ छ । मिथिलामा श्रीपञ्चमी पर्वमा विद्यालयमात्र नभई घरमै पनि सरस्वती पूजा गर्ने परम्पराले यो बेला सरस्वतीका मूर्तिको माग बढ्ने गरेको छ । "अब पहिलेजस्तो घरायसी प्रयोजनमा माटाका भाँडा प्रयोग हुन छाड्यो, त्यसैले हाम्रो सीप चाडवाड विशेषमा सीमित भएको छ", सीतारामले भने ।

सरस्वती पूजनोत्सवमा एक महिना पहिलेदेखि नै कुम्हालको व्यस्तता बढ्छ । मूर्तिका लागि माटो छान्ने, ओसार्ने, मुछ्ने, पराल र खरलाई मूर्ति आकार बनाएर माटो भर्ने र अन्त्यमा सरस्वतीको मूर्ति आकर्षक बनाउन विभिन्न रङ भरेर तयार गर्ने यसक्रमका काम हुन्छन् । सामान्यतः पूजनोत्सवमा सरस्वतीसँगै गणेशजीको मूर्तिको पनि माग हुन्छ । हिन्दू परम्परामा सबै शुभकार्यमा गणेशजीको अग्रपूजाको परम्पराले सरस्वती पूजनोत्सवमा पनि गणेशजीका मूर्तिको माग हुने गरेको महोत्तरीकै लोहारपट्टी नगरपालिका-४ पिपराढीका महेश्वर पण्डित बताउछन् ।

बितेका दुई-तीन वर्ष पर्वकै मुखमा कोरोना सङ्क्रमण सन्त्रासले पूजनोत्सव समारोह राम्ररी आयोजन हुन नसक्दा कारोबार नभएको कुम्हाल सम्झन्छन् । यसपालि भने सरस्वती पूजनोत्सवका लागि ठाउँ-ठाउँबाट मूर्तिको माग भएको हुँदा अलि धमाधम परेको कुम्हालहरूको भनाइ छ । मूर्ति र माटाका भाँडा बनाउने काम पुर्ख्यौली पेसासँग जोडिएको हुँदा त्यो परिचय थाम्न पनि अझै माटोसँग खेल्दै गरेको मनराशिशवा नगरपालिकाको सहसरामका ६० वर्षीय रामविलास पण्डित बताउछन् । "पहिले पो घरायसी प्रयोजनमा माटाका गाग्री, तौला (सामान राख्ने र खाना पकाउनसमेत प्रयोग गरिने भाँडा), ढकन, अखरा र छ्याँची (दही जमाउने भाँडा) प्रयोग हुन्थे र पो सधैँ यी सामानको बजार जम्थ्यो", रामविलास भन्छन्, "अब दैनिक प्रयोजनमा माटाका भाँडाको ठाउँ प्लाष्टिकका भाँडाले लिएपछि हाम्रो सीप पनि चाडपर्वमा खुम्चेको छ ।" दुई दशक पहिलेसम्म सधैँ माटाका भाँडा बनाउन व्यस्त रहने कुम्हाल अब चाडपर्व विशेषका भाँडा र मूर्ति बनाएर पुर्ख्यौली पेसाको पहिचानमात्र कायम राखिएको बताउँछन् । पछिल्ला केही दशकयता घरायसी प्रयोजनमा डेक्ची, बाटा, बाल्टिन, गिलास, अत्त राजस्ता भाँडामात्र नभएर बाँसको चोयाबाट बन्ने डाली, छिटी, नाङ्लो र चाल्नोसहितका सामान पनि प्लाष्टिककै प्रयोग हुन थालेका छन् । माटाका भाँडा सानो असावधानीले छिसिक्क कतै ठोक्किनासाथ फुट्ने हुँदा अब सर्वसाधारण उपभोक्ताको रोजाइमा प्लाष्टिकका भाँडा पर्न थालेका कुम्हाल स्वयं स्वीकार गर्छन् ।दशैँमा दुर्गा, तिहारमा लक्ष्मी, श्रीपञ्चमीमा सरस्वती, भदौ शुक्ल चौथीमा गणेश, भदौ कृष्ण अष्टमीमा श्रीकृष्ण र असोज सङ्क्रान्तिमा विश्वकर्माबाबाका मूर्ति माग हुन्छन् । यसबाहेक तिहार, छठ र चौरचनसहितका पर्वमा बत्ती बाल्ने दियो, गाग्री, तौला, दही जमाउने छ्याँची र केही सानातिना भाँडाका माग बढ्दा पर्वविशेषको व्यस्तता हुने र अन्य समय जीवन गुजाराका लागि अरु काममा लगाउने गरिएको कुम्हालहरूको भनाइ छ । आफ्ना पछिल्ला पुस्ताले त जीवन गुजारा नचल्ने भएपछि पुर्ख्यौली यो पेसा छाड्दै गएका लोहार पट्टी-४ पिपराढीकै राजकिशोर पण्डित बताउछन् ।"हेर्नोस्, हाम्रो बस्तीमा ४० घरजति कुम्हाल हौँला, अब अहिले हेर्दा ३० वर्षमुनिका कोही माटाका मूर्ति र भाँडा बनाउने काममा छैनन्", ६५ वर्षीय राजकिशोर भन्छन्, "जीवन गुजारा नचल्ने भएपछि नयाँ पुस्ता अन्य व्यवसायमा लागेका छन्, हाम्रो शेषपछि यो पुर्ख्यौली काम पनि कसैले थेग्लान् भन्ने लाग्दैन ।"जिल्लामा अल्पसंख्यक नै देखिने कुम्हाल जातिका पाका व्यक्ति अब एक-दुई पुस्तापछि नै चाडपर्वमा चाहिने माटाका भाँडा पनि बाहिरबाट ल्याउनुपर्ने अवस्था आउने बताउँछन् । पछिल्लो पुस्तालाई पुर्ख्यौली पेसाले जीवन धान्छ भन्ने नलागेपछि अब यो पेसा हराउँदै गएको पाका कुम्हाल आफैँ बताउँछन् । जिल्लामा अल्पसंख्यक रहेको यो समुदायको जनसंख्या अझै पाँच हजारमुनि नै छ ।रासस

# ठाकुरराम बहुमुखी क्याम्पसमा सरसफाई




मधेशदृष्टि, वीरगंज, १० माघ ।
ठाकुरराम बहुमुखी क्याम्पसमा मंगलवार ने.वि.संघ ठा.रा.ब क्याम्पस इकाई समितिले सरसफाई कार्यक्रम गरेको छ । बिद्यार्थी नेता सुधांसु प्रसाद चौरसियाको अध्यक्षतामा गरिएको कार्यक्रममा नेपाली कांग्रेस जिल्ला उप सभापति रामनारायण कुर्मी, अशोक गुप्ता ज्यु, क्षेत्र न. २ को क्षेत्रीय सभापति महमद सहाबुदिन , नगर अध्यक्ष मनिन्द्र लाल नेपाली ( मड्ु ), ठा.रा.ब क्याम्पस प्रमुख उमेश प्र चौरसिया , ठा.रा.ब क्याम्पस लेखा प्रमुख गुन्जन सिंह ज्यु,ठा.रा.ब क्याम्पस प्राध्यापक कन्हैया झा , ठा.रा.ब क्याम्पस का प्रजातान्त्रिक कर्मचारी संघको सभापति गिता श्रेष्ठ लगायतको सहभागीता रहेको थियो । सरस्वती पुजाको उपलक्ष्यमा क्याम्पसमा गरिएको सरसफाई कार्यक्रममा ने.वि.संघ ठा.रा.ब क्याम्पस का विद्यार्थी नेता बिकास मन्डल, दिलिप महतो लछ्मन मन्डल, राकेस चौरसिया ,आकाश पटेल राजकुमारी साह रुबि चौरसिया अनु गुप्ता रुपा साह निरज साह मुन्ना चौरसिया ग्यानेस्वर साह आजाद अहमद अगन्द चौरसिया अरुन रौनियार प्रवेज गदि अर्जुन साह अजय मन्डल, अखलेस साह सिकेन्दर कुसवाहा मनिस झा राजबिर चौरसिया नौसाद आलम प्रीयन्जन यादव अनुराग मन्डल लछ्मिकान्त यादव हैदर अलि राकेस साह कानु सागर चौरसिया सागर पटेल विशाल महतो आकास शर्मा राजु सहनी दिपक सहनी बिक्की पटेल तथा विभिन्न विद्यार्थी नेता कार्यकताहरुको उपस्थिति रहेको थियो ।

# कृषि क्षेत्रमा आधुनिकीकरण र बिचौलिया नियन्त्रण गर्ने : मन्त्री साह



मधेशदृष्टि
बीरगंज, १० माघ । कृषि तथा पशुपंक्षी विकासमन्त्री ज्वालाकुमारी साहले कृषि क्षेत्रमा आधुनिकीकरण गर्दै कृषि बजारमा रहेका बिचौलिया नियन्त्रण गर्ने बताएकी छिन् ।

बारा जिल्लाको बेनौलि पचरौता नगरपालिकाले आयोजना गरेको स्वागत तथा सम्मान गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री साहले भनिन् हाम्रो देश कृषि प्रधान भएपनि आधुनिकीकरण हुन नसक्दा परम्परागत विधिले गर्दा उत्पादनमा वृद्धि हुन नसकेको बताईन । उनले कृषकहरुले उत्पादन गरेको वस्तु विक्री वितरणमा बिचौलियाको हस्तक्षेप रहेको कारण कृषकहरु मार्कामा पर्ने गरेकाले बिचौलिया प्रवृति अन्त्य गर्ने प्रतिबद्धता जनाईन । उनले कृषि तथा पशु बीमाको अनुदान कार्यक्रमको अभिलेख राख्ने, कृषि उत्पादन र लगानीमा जोड दिने समेत बताईन । नेपालमा पोषक तत्त्व प्रोटिनको उपलब्धता पर्याप्त नभएको कारण गरिब समुदायको बालबालिकाहरूको प्रोटिनको कमीका कारण नेपामा ठूलो सत्‍यामा कुपोषणको समस्या रहेकाले यसप्रति ध्यान पुरयाउने बताईन । 'मन्त्री साहले कृषि मन्त्रालय खाद्यान्नहरूमा नेपाललाई आत्मनिर्भर बनाउन प्रयासरत रहेको पनि उल्लेख गर्दै किसानहरूले कुखुराको आहारको उचित मूल्य नपाएको र बर्डफ्लुबाट भएको क्षतिको आवश्यक क्षतिपूर्ति पनि नपाइरहेको क्षतिअनुसार क्षतिपूर्ति दिन मन्त्रालय तयारी गरिरहेको छ जानकारी दिईन । मन्त्री साहले भने किसानहरू बर्डफ्लु दानाको उचित मूल्य नपाउँदा चिन्तित छन्, वर्ड फ्लुबाट परेको असरलाई कम गर्न साना कृषकलाई लगानी अनुसारको प्रतिफल पाउन सङ्घर्ष गरिरहेको समस्याबाट ग्रस्त छ । वर्ड फ्लुको क्षतिको नियमानुसार क्षतिपूर्ति दिलाउन र कृषि तथा पशुजन्य उत्पादनहरू बढाएर कृषिमा आत्मनिर्भर बनाउन लागिपरेको छ । सो कार्यक्रममा नगरपालिकाका मेयर जलन्धर सिंहले मन्त्री साहलाई स्वागत तथा दोसल्ला ओढाई सम्मान गरेका थिए । सो कार्यक्रममा नगरपालिकाका पदाधिकारी सहित विभिन्न दलका नेता र स्थानीयहरुको सहभागिता रहेको थियो ।

जाडोमा अपनाउनुपर्ने सावधानीहरु
केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।
- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।
सबैला नगरपालिका
धनुषा, मधेश प्रदेश

जाडोमा अपनाउनुपर्ने सावधानीहरु
केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।
- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।
धनौजी गाउँपालिका
धनुषा, मधेश प्रदेश

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदु:ख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

# ६ महिनापछि गाउँसभाबाट बजेट पारित



घनश्याम बलम्पाकी
सर्लाही,१० माघ। जिल्लाको विष्णु गाउँपालिकाले ६ महिनापछि गाउँसभा गरेर नीति, कार्यक्रम र बजेट पारित गरेको छ।

बजेट बाँडफाँडमा फरक दलबाट निर्वाचित जनप्रतिनिधिबीच सहमती नहुँदा गाउँसभा प्रभावित हुँदै आएको थियो। प्रत्येक स्थानीय तहले असारमै नीति तथा कार्यक्रम र बजेट गाउँसभाबाट पारित गर्नुपर्ने हुन्छ। विष्णु गाउँपालिकाले भने छ महिनापछि राजनीतिक सहमती जुटाएर बल्ल गाउँसभा गरेको हो। गाउँसभाले ५० करोड ८७ लाख ८८ हजार नौ सय ८० पैसा बराबरको बजेट पारित गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्जिव सापकोटाले जानकारी दिए।

बजेट पारित नहुँदा गाउँपालिकाका कर्मचारीले यस आर्थिक वर्ष २०७९/८० को गत साउनदेखि नै तलब खान पाएका छैनन्। त्यस्तै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिलालगायतले सामाजिक सुरक्षा भत्ता पाउन सकेका छैनन्। विकास निर्माणसँगै अन्य क्रियाकलाप ठप्प छन्। प्रमुख प्रशासकीय अधिकृत सापकोटाले अब भने तलब, भत्ता, कार्यक्रम, योजना सबै नियमित चल्ने बताएको छ। गाउँपालिकाका अध्यक्ष जवाहरलाल राय यादवले असारदेखि नै पटक-पटक गाउँसभा गर्ने प्रयास गरे पनि अल्पमतमा रहेका कारण उनले गाउँसभाको बैठक नै राख्न सकेका थिएनन्।

यस्तै, जिल्लाको हरिपूर्वा नगरपालिकाले पाँच महिना ढिलो गरी गएको मंसिर २९ गते नगरसभा गरेर नीति तथा कार्यक्रम र बजेट पारित गरेको थियो। हरिपूर्वामा पनि अल्पमतमा रहेका नगरप्रमुख विनोद साहले लामो प्रयासपछि फरक दलका जनप्रतिनिधिबीच सहमती जुटाएर नगरसभाबाट बजेत पारित गराएको हो। बजेट पारित भई नगरका सम्पूर्ण गतिविधि सूचारु भइसकेको हरिपूर्वा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपानेले जानकारी दिए।

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ। त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं।

**सिरहा नगरपालिका**
सिरहा, मधेश प्रदेश

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ। त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं।

**लहान नगरपालिका**
सिरहा, मधेश प्रदेश

# गोडैतामा निःशुल्क रक्तसमुह परिक्षण

घनश्याम बलम्पाकी
सर्लाही, १० माघ। सर्लाहीको धनकौल गाउँपालिका-१, सेखौनामा मंगलवार २ सय जना विद्यार्थीको निःशुल्क रक्तसमूह (ब्लड ग्रुप) परीक्षण गरिएको छ।

सेखौना निवासी राजेश सिंहले छोरी आकृति सिंह ७ वर्ष पूरा भई ८ प्रवेशमा प्रवेश गरेको अवसरमा गाउँको प्राथमिक विद्यालय रैकलमा अध्ययनरत् विद्यार्थीको निःशुल्क रुपमा रक्तसमूह परीक्षण गराइदिएको हो। त्रिशक्ति अस्पताल प्रा.लि. सँग समन्वय गरी स-साना बालबालिकाको विद्यालयमै पुगेर निःशुल्क रक्तसमूह पत्ता लगाइदिने काम गरेको आयोजक राजेश सिंहले जानकारी दिए। कार्यक्रममा धनकौल गाउँपालिकाकी उपाध्यक्ष अकली सहनी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मीनाराया महतोलगायतको आतिथ्यता रहेको थियो।



# विद्यालयलाइ स्मार्टबोर्ड सहयोग



घनश्याम बलम्पाकी
सर्लाही, १० माघ। सर्लाहीको ईश्वरपुर नगरपालिका-११, करमोहानमा रहेको जनता आधार भूत विद्यालयलाई मंगलवार चार थान स्मार्टबोर्ड प्रदान गरिएको छ।

ग्रामीण नारी उत्थान सङ्घ हरि पुरले सेभ द चिड्रेनसँग समन्वय गरी सञ्चालन गरिरहेको समुन्नति परियोजना अन्तर्गत विद्यालयमा प्रविधिमैत्री सिकाईका लागि स्मार्टबोर्ड प्रदान गरिएको हो।

विद्यालयलाई १२ लाख ८८ हजार २०० रुपियाँ बराबरको स्मार्ट बोर्ड प्रदान गरिएको संस्थाले जनाएको छ। संस्थाले ईश्वरपुर नगरपालिकाभित्र प्रविधिमैत्री सिकाईका लागि यसरी प्रविधि हस्तान्तरण गरेको पहिलो पटक हो। यसअघि हरिपुर नगरपालिकामा भने चितायनस्थित आधार भूत विद्यालयलाई पहिलो पटक स्मार्टबोर्डसहित अन्य सामग्री हस्तान्तरण गरेर प्रविधिमैत्री कक्षा सञ्चालन गरिएको छ। जनता आधारभूत विद्यालय करमोहानको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामसोगारथ साहको अध्यक्षतामा आयोजित स्मार्टबोर्ड हस्तान्तरण कार्यक्रममा ईश्वरपुरका नगरप्रमुख मनोजकुमार आचार्य, ग्रामीण नारी उत्थान सङ्घकी अध्यक्ष गोमादेवि न्यौपाने, नगरपालिकाको शिक्षा शाखामा कार्यरत उप-सचिव हरि दाहाल, समुन्नति परियोजनाका संयोजक रामबाबु साहलगायतको आतिथ्यता रहेको थियो।

ग्रामीण नारी उत्थान सङ्घले सेभ द चिड्रेनसँग समन्वय गरी ईश्वरपुर र हरिपुर नगरपालिकामा शिक्षा र स्वास्थ्य क्षेत्रमा सहयोग गर्दै आइरहेको छ।

# शिक्षामा महिलाहरु पछाडी परेको साँसद लेखीको भनाई

डम्बर राई
कञ्चनरुप १० माघ। मधेश प्रदेशसभा सदस्य माननिय राज कुमार लेखीले स्थानिय स्तर देखि देश प्रदेशमा शिक्षामा महिलाहरु पछाडी परेको बताएका छन्। उनले मंगलवार सप्तरीको कञ्चनरुप नगरपालिका ७ स्थित बलुवामा आयोजित लक्ष्मी सामुदायिक सिकाई केन्द्रको १६ औं बार्षिक साधारण सभामा यस्तो बताएको हो। खास गरी दलित, मुस्लीम, आदिवासी जनजाती महिलाहरु शिक्षामा पछाडि परेको उनले दावी गरे।

अशिक्षितका कारण समाजमा महिलाहरु दविएर बस्नु पर्ने वाध्यता रहेको छ साँसद लेखीले भने चेतनाको विकास गराउन हरेक महिलामा न्युनतम शिक्षा हुनै पर्छ। प्रौढ शिक्षा लगायत विभिन्न संघ संस्थाले दिदै आएका अनौपचारिक शिक्षालाई प्रोत्साहनका साथ यस्ता महिलाहरुलाई सहभागिता गराउनु पर्दछ। प्रत्येक घरका आमा बुवा वा गार्जन शिक्षित हुदैन त्यस घरका बालबच्चाले अपेक्षित शिक्षा पाउन नसक्ने लेखीको भनाई थियो।

देशको संविधानको आयोगमा धेरै अवसर र सुविधाहरु उल्लेख गरिएका छन् र समावेसीलाई पनि प्राथमिकतामा राखिएका छन् तर अशाक्षर महिलाहरुले बुझ्नै सक्दैन र उनिहरु पछाडि पर्ने कारण लेखीले औल्याए। कञ्चनरुप नगरपालिकाकी उपप्रमुख मुना पोखरेलले महिला साक्षरता अभियान अन्तर्गत यस केन्द्रले प्रदान गरेको सेवालाई थप उर्जा दिन आफ्नो प्रयत्न रहने बताएकी छन्। नगरपालिकामा कोहि नछुटुन् कोहि पछाडि नपरुन् भन्ने अभियानकै रुपमा साक्षरता कार्यक्रम संचालनमा ल्याउने प्रतिवद्धता गरीन्।

अमुर्त सास्कृतिक सम्पदा संरक्षणसंगै अगाडि बढेको लक्ष्मी सामुदायिक सिकाइ केन्द्रले जिल्लामा २५ वटा सिकाई केन्द्र मार्फत साक्षरता घोषणा गराउँने लक्ष्य लिइएको संस्थापक माधव प्रसाद चौधरीले उल्लेख गरे। उनले भने देशमा दोस्रो र मधेश प्रदेशमा पहिलो स्तरमा कार्यक्रम चलाइ रहेको यस केन्द्र १७ बर्षमा खुटकिलो टेकेको छ। यहि केन्द्रको योगदानले गर्दा यस नगरपालिकाको ५, ६ र ७ नम्वर वडामा निकट भविश्यमै साक्षरता घोषणा हुने चौधरीले खुलासा गरे। समारोहमा विभिन्न संघ संस्थाका प्रतिनिधि, ३ नम्वर वडाका अध्यक्ष ललकु चौधरी, ६ नम्वर वडा अध्यक्ष बच्चुलाल चौधरी र ७ नम्वर वडा अध्यक्ष श्यामानन्द चौधरी तथा केन्द्रका जिम्मेवार लगायतले शुभकामना व्यक्त गरेका थिए।

# रौतहटको गढीमाईमा कोल्ड स्टोर निर्माण हुँदै



आरके श्रीवास्तव
गरुडा,१० माघ। रौतहट जिल्लाको गढीमाई नगरपालिकामा कोल्ड स्टोर निर्माण भइरहेको छ। गढीमाई नगरपालिकाको वडा नम्बर १ समनपुरमा कृषि उत्पादन भण्डारणका लागि शीत भण्डार (कोल्ड स्टोर) निर्माण हुन लागेको हो। आ.व.२०७८/७९ को सशर्त अनुदान कार्यक्रम अन्तर्गत करिब ७ करोड ९३ लाखमा सो कोल्ड स्टोर निर्माण हुन लागेको नि.प्रमुख प्रशासकिय अधिकृत नागेन्द्र यादवले जानकारी गराए। नगर क्षेत्रको पहिलो कोल्डको रुपमा निर्माण हुन लागेको हो। कोल्ड स्टोर निर्माण भएछि गढिमाइ नगरभरिका कृषकहरु लाभान्वित हुनेछन्। ३ हजार मेट्रिक टनका अन्न भण्डारण गर्न सकिने नगरपालिकाका यादवले जानकारी दिए।

शीत भण्डार (कोल्ड स्टोर) को निर्माण भएपछि नगरका सबै वडाका कृषक समेत स्थानियहरु लाभान्वित हुने गढीमाई नगरपालिकाको नगरप्रमुख श्याम प्रसाद यादवले बताए।

कोल्ड स्टोर छिटोभन्दा छिटो सम्पन्न गर्ने लक्ष्य राखेर काम भइरहेको नगर प्रमुख यादव र वडाध्यक्ष दिपेन्द्र श्रेष्ठ र रामपुकार यादव,राजिव यादव,रामसिंहासन यादवले जानकारी दिए। गढीमाई नगरपालिकाको समनपुरमा कोल्ड स्टोरको निर्माण कार्य सुरु भएपछि स्थानीयले निकै खुशी ब्यक्त गरेका छन्।

# लक्ष्मी महतोलाई अपराधीका रुपमा चर्चा नगर्न महासेठको आग्रह

मधेशदृष्टि
काठमाडौं, १० माघ। नेकपा (एमाले)का नेता रघुवीर महासेठले पार्टीका सांसद लक्ष्मी महतो कोइरीलाई अपराधीका रुपमा चर्चा नगर्न आग्रह गरेका छन।



प्रतिनिधिसभाको मंगलवारको बैठकमा नवनिर्वाचित सभामुख र उपसभामुखलाई बधाई तथा शुभकामना दिदै उनले राज्य र कानूनले दोषी करार गरि नसकेको सांसदलाई अपराधीको पगरी नलगाईदिन आग्रह गरेका हुन। उनले देशमा अहिले लक्ष्मी महतोको सवत्र चर्चा रहेको र केही माननीयले समेत महतोलाई अपराधीको संख्या दिएको भन्दै कानूनले ठहर नगरेसम्म दोषी करार गर्न नमिल्ने धारणा राखे।

एमाले नेता महासेठले भने, "के सांसद लक्ष्मी महतो साच्चिकै अपराधी हुन् त ? संसदमा केही माननीयजीले पनि महतोका विषयमा धेरै कुरा उठाएका छन। त्यसो हो भने पुरानो सरकारले किन राज्यको प्रतिष्ठित पदक दिने निर्णय गऱ्यो। महतो अहिले हाम्रो पार्टीको सम्पर्कमा हुनुहुन्न। यदि प्रहरी प्रशासनले हिरासतमा लिएको छ भने सार्वजनिक गर्नुपऱ्यो, होइन भनेर आरेपमा कुनै सत्यता छैन।"

कानूनसम्मत महतो दोषी भए पार्टी नै पक्राउ गर्न सहजिकरण गर्ने विश्वास व्यक्त गरे। उनले भने ,"म सभामुखमार्फत् गृहमन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु, सांसद लक्ष्मी महतो कानुनसम्मत अपराधी हुन् भने पक्राउ गर्नुहोस् पार्टीले सहजीकरण गर्नेछ। लक्ष्मी महतोलाई अपराधी करार गरिएको छ, कानूनले अपराधी भनेर निर्णय गरेको छैन तर, संसदमा अपराधीको आरोप लगाइएको छ।"

नेता महासेठले जनकपुरधाममा दुई व्यक्ति (रोहितकुमार साह र विष्णुकुमार साह)को अपहरणपछि हत्यामा संलग्न अपराधीको खोजी गरी कडा कानूनी कारबाही गर्न माग गरे। अपहरणपछि हत्या गर्ने अपराधी पक्राउ गर्न प्रहरी प्रशासनले सक्रियता नदेखाएको भन्दै सभामुखमार्फत् गृहप्रशासनको ध्यानाकर्षण गराए।

एमाले नेता महासेठले अघिल्ला सरकारले आर्थिक सुशासन र पारदर्शिता कायम गरी आर्थिक अवस्था सुधान गर्न नसकेको आरोप लगाए। उनले वर्तमान सरकारले केही गर्छकि भन्ने जनतामा आशा र विश्वास पलाएको पनि उल्लेख गरे।

"यो सरकारले छोटो समयमा जनतामा अलिअलि मलहम लगाउने काम गरेको छ। देशको आर्थिक सुधारका लागि प्रारम्भिकरुपमा सकारात्मक प्रयास थालिएको छ। राजनीतिक रुपमा पनि यो सरकारले प्रगति गरेको छ।"

# थप रासायनिक मल उपलब्ध हुने

मधेशदृष्टि, जनकपुरधाम, १० माघ। सरकारले थप रासायनिक मल उपलब्ध गराउने भएपछि धनुषाका किसानलाई राहत हुने भएको छ। मधेश-प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यही माघ ४ को पत्रअनुसार कृषि सामग्री कम्पनी लिमिटेड जनकपुर शाखा धनुषालाई थप एक हजार ७९ मेट्रिक टन युरिया मल उपलब्ध गराउने भएपछि हिउँदे बाली लगाएका किसानलाई राहत हुने भएको हो। कृषि सामग्री कम्पनी लिमिटेड धनुषाका निमित्त प्रमुख रविकुमार केसरीले थप युरिया मल प्राप्त हुने र मल ल्याउन यसै महिनामै बोलपत्र आह्वानको तयारी भइरहेको जानकारी दिए।

सम्भवतः यही माघ १८ मा बोलपत्र आह्वान हुने र हिउँदे बाली उत्पादक किसान लाभान्वित हुने गरी चाँडै मल ल्याउन पहल भइरहेको उनको भनाइ छ। "किसानले मलको माग गरिरहेकाले हामी दबाबमा थियौं" केशरीले भने , "अब बाँकी प्रक्रिया पूरा गरेर छिट्टै मल उपलब्ध गराउँछौं।" कृषि सामग्री कम्पनी लिमिटेडले चालु आर्थिक वर्षमा धनुषाको दक्षिणी क्षेत्रका लागि जनकपुरधाम शाखामा नौ हजार मेट्रिकटन युरिया र छ हजार मेट्रिकटन डिएपी मलको लक्ष्य तोकेको छ। हिउँदे सिजनका लागि हालसम्म एक हजार चार सय ४ मेट्रिक टन युरिया र एक हजार आठ सय ७२ मेट्रिक टन डिएपी मल प्राप्त भएकोमा एक हजार दुई सय ५३ मेट्रिक टन युरिया र एक हजार आठ सय मेट्रिक टन डिएपी वितरण गरिसकिएको केसरीले जानकारी दिए। "पर्याप्त र समयमै मल प्राप्त नहुँदा उसै पनि समस्या छ, त्यसैमा स्थानीय तहबाट समयमा सिफारिस नआउँदा मल विवतरणमा ढिलाइ भएको छ", केशरीले भने ,"हामीसँग अब करिब एक सय ५१ मेट्रिकटन युरिया र ७२ मेट्रिकटन डिएपी मल मौज्दात छ।"

त्यसैगरी उत्तरी क्षेत्रका लागि शाखा कार्यालय ढल्केबर धनुषामार्फत् वार्षिक पाँच हजार मेट्रिकटन युरिया र दुई हजार तीन सय सय मेट्रिकटन डिएपी मल बिक्री वितरण गर्ने लक्ष्य रहेको पनि जनाइएको छ। कृषि सामग्री केन्द्रले धनुषाको दक्षिणी क्षेत्रमा जनकपुरधाम कार्यालयमार्फत् करिब ६५ प्रतिशत र जिल्लाको उत्तरी क्षेत्रमा ढल्केबर शाखामार्फत् करिब ३५ प्रतिशत मल वितरण गर्दै आएको छ।

सम्पादकीय

## अस्पतालमा स्वार्थ प्रेरित विलम्ब

वीरगंजको नारायणी अस्पतालमा निर्माण गर्न लागिएको ५ सय शैयाको भवन ठेकेदार कम्पनी र शहरी विकास भवन निर्माण विभाग विवादका कारण ५ बर्ष देखि अलपत्र परेको छ। भवन निर्माणको लागि ठेक्का पाएको कम्पनी र सहरी विकास तथा भवन निर्माण विभागबीच ठेक्का प्रक्रियाका विषयमा विवाद भएसँगै विवादले कानुनी रुप लिएको छ । लामो समयदेखी अदालतले मुद्धाको छिनोफानो नगर्दिदा निर्माण कार्य अन्यौलमा परेको देखिन्छ। अस्पताल निर्माणमा विवाद र ढिलासुस्तीलाई अन्य पूर्वाधार विकाससँग दाज्न मिल्दैन । अस्पताल भवन भनेका समाजसेवी भवन हुन्, बिरामीहरुको उपचार हुने संरचनामा निर्माणमा विवाद गरेर आलटाल गर्ने छुट कसैलाई छैन, दिइनु हुँदैन ।

अहिले विवाद सर्वोच्च अदालतमा पुगेको छ । अदालतमा विचाराधिन अवस्थामा छ ।अदालतले उच्च प्राथमिकता राख्दै मुद्धाको छिनोफानो हुनुपर्ने अपेक्षा अस्पतालसँग सरोकार राख्ने स्थानीयमा देखिन्छ। कारण मामला उच्च अदालत हुँदै सर्वोच्च पुगेको हो । विवादको प्रकृती हेर्दा सतहमा भवन विभाग र ठेकेदार कम्पनीबीच विवाद छ। तर, कतिपय स्थानीयमा भने सरकारी अस्पताल सुविधासम्पन्न नहोस भन्ने चाहना राख्ने र कामना गर्नेहरुको कारण एकपछि अर्को उल्झन आइरहेको त होइन भन्ने आंशकाले घर गर्न थालेको छ। मामला सर्वोच्चमा विचाराधिन रहेकोले अदालतले समयक्रममो फैसला दिनेनैं छ । तर, ढिलो न्याय दिनु भनेको न्याय नदिए सरहनै हुन्छ भन्ने मान्यतालाई ध्यानमा राख्दै अदालतले मुद्धालाई उच्च प्राथमिकता दिनुपर्ने माग स्थानीयमा बढेर गएको देखिन्छ।

भवन निर्माणको लागि छनोट भएको कम्पनीको कागजात नमिलेको भन्दै भवन विभागले अदालतमा मुद्दा दायर गरेपछि प्रारम्भमा काम रोखिएको हो। तर, अहिले पाच वर्ष बितिसक्दा पनि विवादको अन्त्य भएको छैन, कामको सुरुसार छैन।। सहरी विकास विभागले बनाएको भवनको नक्साका आधारमा २०७६ साल वैशाख ८ गते पहिलो पटक बोलपत्र आह्वान गरिएको थियो । पहिलो पटक आह्वान गरेको बोलपत्रबाट काम हुन नसकेपछि सोही वर्षको जेठ ५ गते दोस्रो पटक बोलपत्र आह्वान गरिएको थियो । ठेक्का पाएको निर्माण कम्पनीको कागजात नपुगेको भन्दै भवन विभाग ठेकेदार विरुद्ध कानूनी कारवाहीमा गएको देखिन्छ।

सो विरुद्ध उच्च अदालतमा मुद्दा परेपछि अस्थायी इजलास वीरगन्जले स्टे अडर दिएको थियो । तर अन्तिम सुनुवाइमा उच्च अदालत जनकपुरले ठेक्का पाएको कम्पनीलाई पुनः मूल्याङ्कन गरी काम बढाउने फैसला दिएपछि भवन विभाग सर्वोच्च अदालतमा पुगेको देखिन्छ । उच्च अदालतको सो फैसला विरुद्ध भवन विभाग ०७७ पुस २ मा सर्वोच्च अदालतमा गएको हो। सर्वोच्चमा दुई वर्षदेखी मुद्दा टुंगिएको छैन। वीरगञ्जको नारायणी अस्पतालले सुविधा सम्पन्न भवन निर्माण गरी सेवा दिने योजना अवरुद्ध भएको छ । सरकारी बजेटमा निर्माण हुन लागेको अस्पताल आम चासो र सरोकारको विषय हो । तर, यहाँ नागरिक प्रति जिम्मेवार सरकारी निकाय आपसमा झैझगडा र मुद्धा मामिलामा अल्झिएका छन्। ठेक्का प्रक्रियामा कुनै त्रुटी छन् भने त्यसको समाधान गर्न सकिन्छ। ठेक्का संझौताका शर्तहरुका आधारमा कारवाही हुनसक्छ। तर, विवादलाई बढाएर सर्वोच्चको तहमा पुऱ्याउनु पछाडिका स्वार्थ के के हुन् त्यसको लेखाजोखा हुन् आवश्यक छ। कारण, भवन विभाग आफै पनि विवाद माथि छैन। कानूनी उपचारको नाममा व्यक्तिगत स्वार्थ प्रेरित मनोविज्ञानले काम गरिरहेको त छैन? स्वास्थसेवाको संवेदनशीलतालाई ध्यानमा राख्दै निर्माणको काम सुचारु हुने वातावरण बन्न आवश्यक छ । अड्काउने प्रवृतीले कसैको हित गर्दैन।

# यी हुन् सरकारले गर्नुपर्ने काम

*खुला उदार प्रतिस्पर्धी बजार अर्थतन्त्र भएको पार्टी र केन्द्रीकृत अन्तरमुखी वाह्य स्रोतसाधन चाहिन्नँ, बजार अर्थतन्त्र शोषणमूलक मात्र हुन्छ भन्ने पार्टीबीचको गठबन्धनले कता लैजाला ? मलाई लाग्छ, कताकता अर्थराजनीतिले सही बाटो लिँदैन कि, हामी धेरै अघि बढ्न सक्दैनौं कि, जनताले चाहेको, लगानीकर्ताले चाहेको, निजी क्षेत्रले चाहेको आर्थिक समृद्धि हासिल गर्नल सक्दैनौं कि भन्ने शंका गर्ने ठाउँ प्रशस्त छन् । भिन्नभिन्न विचारका पार्टी मिलेर बनेको अहिलेको सरकार साझा मुद्दामा सहमत भएर अघि बढ्ने अहिलेको मुख्य चुनौती यही हो ।*



**– युवराज खतिवडा**

आमनिर्वाचनले नयाँ किसिमको विकास, सुशासन र समृद्धिको मार्गमा आसा जगाउँछ, किनभने जनताको सधैं अपेक्षा हुन्छ- आगामी सरकार ऊर्जाशील हुन्छ, उसले जनतासँग गरेका प्रतिबद्धता पूरा गर्ला र अ(घल्ला सरकारबाट भएका गल्ती नदोहोऱ्याउला । पछिल्लो आर्थिक अवस्थाबाट निराश व्यावसायिक क्षेत्र, सेवा प्रवाहबाट आजित मतदाता र दातृ समुदायलाई अन्तर्राष्ट्रिय आर्थिक कूटनीति पहिलेभन्दा पारदर्शी र अनुकूल एवं बढी विश्वसनीय बनाउने गरी अघि बढ्छ कि भन्ने अपेक्षा हुन्छ । बुद्धिजीवीको अपेक्षा पनि यस्तै हुन्छ । समाजको तल्लो वर्गले आफ्नो सि(थति सुधारका लागि परिस्थिति केही सकारात्मक बन्छ कि भन्ने अपेक्षा नयाँ सरकारसँग हुन्छ ।

यसपटकको निर्वाचनमा पनि यस्तै अपेक्षा जताततै बाट व्यक्त भयो । यो अपेक्षा पूरा गर्न आर्थिक नीति सामञ्जस्य भएका र जनताका आधारभूत आवश्यकता पूरा गर्ने प्रतिबद्धता भएका समान राजनीतिक पार्टीले एकल बहुमत ल्याउन, बहुमत ल्याउन नसके पनि संयुक्तरूपमा आउन् भन्ने चाहना थियो । तर, निर्वाचनअघि नै दलहरूबीच बनेको गठबन्धनले त्यस्तो परिणाम देखिएन । जुन किसिमका गठबन्धन बने, त्यसले देखाएको छ- अन्यौल कायमै छ। अब देशको आर्थिक विकासको मार्गचित्र नै के हो भनेर सोध्ने हो भने भन्न नसक्ने अवस्था छ।

किनभने, खुला उदार प्रतिस्पर्धी बजार अर्थतन्त्र भएको पार्टी र केन्द्रीकृत अन्तरमुखी वाह्य स्रोतसाधन चाहिन्नँ, बजार अर्थतन्त्र शोषणमूलक मात्र हुन्छ भन्ने पार्टीबीचको गठबन्धनले कता लैजाला ? मलाई लाग्छ, कताकता अर्थराजनीतिले सही बाटो लिँदैन कि, हामी धेरै अघि बढ्न सक्दैनौं कि, जनताले चाहेको, लगानीकर्ताले चाहेको, निजी क्षेत्रले चाहेको आर्थिक समृद्धि हासिल गर्नल सक्दैनौं कि भन्ने शंका गर्ने ठाउँ प्रशस्त छन् । भिन्नभिन्न विचारका पार्टी मिलेर बनेको अहिलेको सरकार साझा मुद्दामा सहमत भएर अघि बढ्ने अहिलेको मुख्य चुनौती यही हो । आर्थिक नीतिमा केही सामञ्जस्यता हुँदा समेत समस्या हुँदो रहेछ भन्ने धेरै उदाहरण छन् । म सरकारको अर्थमन्त्री भएकै बेला एमालेको बहुमतको सरकार थियो । तर, त्यसो भन्दाभन्दै पनि भने जति नीति बनाउन त सकेनौं। संसद, अर्थ समिति, विकास समितिमा के कस्तो तालमेल भएन भन्ने सबैलाई थाहै छ। संसदमा दर्ता भएको विधेयक टेबुल नहुने, टेबुल गरेको विधेयक छलफलमा नल्याउने काम भएकै हुन् । सबै कुरामा राष्ट्रिय सहमति गरेर जान सके आसा गर्ने ठाउँ छ, नभए सरकारले कसरी काम गर्छ भन्न कठिन छ। हिजोको केन्द्रिकृत शासन प्रणाली, साधनस्रोतको विनियोजन प्रणालीबारे अझै पनि अन्यौल छ। त्यसभन्दा पनि महत्वपूर्ण पाटो संघीयताको छ।

प्रत्येक चुनाव लड्ने सांसदले कुलो, पैनी, गोरेटो, बाटो बनाइदिन्छु, स्कुलको छानो छाइदिन्छु भनेर सांसदको चुनाव जितेका छन् । अर्कोपटक यी सडकमा कतै पनि धुलो हुने छैन भनेर शीर्ष नेताहरूले नै भन्दै हिँडेका छन् । तर, नेपालमा अहिले निर्माण भएका कच्ची सडक सबैलाई पक्की गर्ने हो भने भौतिक पूर्वाधार मन्त्रालयलाई १० खर्ब बजेट चाहिन्छ। अनि, यस्तो प्रतिबद्धता गरेर चुनाव जित्ने, त्यो प्रतिबद्धता पूरा गर्ने हो भने स्रोत कसरी जुटाउला ? स्रोत जुटाउने कुरामा ध्यान भएको मात्रै होइन, कतिपय उम्मेदवारले मूल्य अभिवृद्धि कर (भ्याट) देखि सबै कर हटाइदिन्छु भन्ने प्रतिबद्धतासमेत गरे । वैदेशिक ऋणको भार घटाउँछौं भनेर नेपाली कांग्रेसको घोषणापत्रमै भनिएको छ । आयातमा आधारित राजस्व प्रणालीलाई आन्तरिक उत्पादनमा आधारित बनाउँछौं भनिएको छ । यतिका धेरै प्रतिबद्धता छन्, ती पूरा गर्ने हो भने सरकार चल्छ कसरी ? घोषणापत्र बनाउँदा त्यो पार्टीले यो राख्यो, हामी कतै पछि पर्छौं कि भनी प्रतिस्पर्धी अघि बढ्दा समस्या आउँछ। सामधान त गर्नैपर्छ तर, यति भन्दाभन्दै हामीले केही त गर्नैपर्छ। भविष्य भएको मुलुकलाई अन्धकारमाराख्नु त भएन।

अहिले ध्यान दिनुपर्ने विषय भनेको आर्थिक वृद्धि र त्यसको वितरण सँगसँगै लैजानुपर्नेमा छ । वृद्धि र वितरणलाई सँगसँगै लैजानुपर्छ । पहिला वृद्धि होस् अनि वितरण गरौंला भन्यो भने समाज भड्किहाल्छ । वितरण गरिहालौं अनि आर्थिक वृद्धि गरौंला भन्यो भने देश भँड्खालोमा जान्छ, टाट पल्टिन्छ । त्यसबाट जोगाउन जनताले अहिलेको निर्वाचनमार्फत निर्वाचित जनप्रतिनिधिलाई 'म्यान्डेट' दिएका हुन् । एउटा, निर्वाचनबाट जुन जनअपेक्षा सिर्जना गरेका छौं, त्यसको सम्बोधन गर्नुपर्छ। नभए 'फ्रस्ट्रेसन' सुरु हुन्छ। त्यसका लागि पनि निर्वाचनको अघिल्लो दिनसम्म जुन-जुन समस्या थिए, त्यो समाधानका लागि सरकारलाई धेरै समय छैन।

काम धेरै ठूला छैनन् । स-साना छन् । ई-पासपोर्ट, राष्ट्रिय परिचयपत्र, सवारीचालक अनुमतिपत्र, मालपोतबाट जग्गाधनी पुर्जा, नागरिकता लिने जस्ता सेवासुविधामा सहजता खोजेका छन् । लाइन लाग्न नपरोस्, छिटोछरितो होस् भन्ने चाहेका छन्। एउटा वेबसाइट बनाएर त्यसैबाट टोकन लिने र आफ्नो समयमा जाने व्यवस्था गर्न सके कति राम्रो हुन्थ्यो ! विकेन्द्रिकृत रूपमा दिन सकिने सेवा अझै जनतासमक्ष हामीले पुऱ्याउन सकेका छैनौं । उद्योगीहरूले भन्छन्, 'एउटा सेयरधनी परिवर्तन गर्नुपर्दा पनि काठमाडौंको कम्पनी रजिस्ट्रारको कार्यालय धाउनैपर्छ। स-साना कुरामा पनि काठमाडौं नै धाउनुपर्ने अवस्था छ।' यस्ता समस्या सामधानका उपाय पनि छन् । संविधानको अनुसूचीमा रहेका जुन-जुन काम स्थानीय तहले गर्ने भनेर तोकिएको छ, तिनलाई अब विकेन्द्रिकृत गर्नुको विकल्प छैन । सरकार अध्यादेशबाट चलेकै छ । असल कामका लागि अध्यादेशबाट धेरै कानुन सुधार गर्न सकिन्छ । कानुन बनेर आउन सकेनन् भने पनि समाधान गर्ने उपाय छ। कुनै न कुनै बाटोबाट तिनलाई खुलाउनुपर्ने छ । स्थानीय तहमा अधिकार प्रत्यायोजन गरेर उनीहरूले काम गर्ने वातावरण बनाउनुपर्ने छ । सरकारले दिने सेवाको गुणस्तर हेर्ने विषयमा पनि अनुगमन गर्ने संयन्त्र बनाउन सकिन्छ। सुशासन, इन्जिनियरिङ आदिको संयन्त्र बनाएर सरकारले नै दिएका सेवाको प्रभावकारी अनुगमन गर्ने र कतै गल्ती कमजोरी भेटिए सच्याउने गर्न सकिन्छ । रोजगारी, बसोबास, गाँसबासको कुरा पनि जनताले चाहेको विषय हो । पछिल्लो समय थापाथलीमा सुकुम्बासीमाथि भएको तमासा देखिएकै छ। यसरी त समस्या समाधान हुँदैन। जसको वैकल्पिक व्यवस्था छ, उनीहरूलाई छानबिन गरेर पठाउने र नभएकालाई गाँसबासको व्यवस्था गर्नु सरकारको कर्तव्य हो । यो काम पनि छिटो सिध्याउनुपर्छ ।स-सानाबाहेक हामीले पूर्वाधार विकासको काम पनि गर्नु छ।

> “व्यापार भनेको अर्थतन्त्र चलायमान हुने 'ब्यारोमिटर' हो । किन्न सक्ने क्षमता छ भने आयात हुने हो, उत्पादन भएको छ भने न निर्यात हुने हो । दुवै घटेपछि हामी मन्दीमा छौं । मुद्रास्फीति बढी, उत्पादन कम भएको अवस्था अहिले छ । यस्ता समस्या सरकारले कसरी सम्बोधन गर्ने हो, गर्नुपर्छ । मौद्रिक नीतिले गर्ने ठाउँ पहिले थियो, अहिले ढिला भयो । अब स्पेस धेरै छैन ।

कहीँ ठेकेदारले काम अड्काएका छन्, कहीँ उनीहरूले भुक्तानी पाएका छैनन् । सम्बद्ध मन्त्रालयले काम गरेको छ, अर्थ मन्त्रालयले भुक्तानी नदिएको अवस्था छ । यी विविध समस्या पनि समाधान हुनुपर्छ । स्रोत त्यति नचाहिने तर सानो प्रयासबाट पनि बन्न सक्ने काम पनि गर्नुपर्छ । जस्तो कि, सडक ढलसम्बन्धी समस्या समाधान गरिदिने, खाल्डाखुल्डी पुरिदिने जस्ता साना काम गरिदिने हो भने पनि परिवर्तन देखिइहाल्छ । पूर्वाधार र प्रशासनिक सेवाका काममा छिटो गर्न सकिन्छ पनि । सबैभन्दा महत्वपूर्ण अहिलेको विषय अर्थतन्त्रसँग सम्बन्धित छ।

दुई वर्षअघिको तुलनामा विदेशी मुद्रा सञ्चिति २ अर्ब अमेरिकी डलर घटेको छ । आयात घटेपछि बल्ल १२/१३ अर्ब विदेशी मुद्रा सञ्चिति बढेको छ । तर, आयात आफैं पनि घटिरहेको छ। व्यापार भनेको अर्थतन्त्र चलायमान हुने 'ब्यारोमिटर' हो । किन्न सक्ने क्षमता छ भने आयात हुने हो, उत्पादन भएको छ भने न निर्यात हुने हो । दुवै घटेपछि हामी मन्दीमा छौं । मुद्रास्फीति बढी, उत्पादन कम भएको अवस्था अहिले छ । यस्ता समस्या सरकारले कसरी सम्बोधन गर्ने हो, गर्नुपर्छ । मौद्रिक नीतिले गर्ने ठाउँ पहिले थियो, अहिले ढिला भयो । अब स्पेस धेरै छैन । साढे आठ-नौ प्रतिशतको मुद्रास्फीति छ, आयात नियन्त्रणका कारण शोधनान्तर थोरै बचतमा छ । अरू केही चाहिँदैन, गाडी आयातमात्र खोलिदियो भने त्यो सकिन्छ । राजस्व लक्ष्यभन्दा १५/१६ प्रतिशत कम छ। अहिलेको यो समस्या समाधान गर्ने सन्दर्भमा अर्थमन्त्री कस्ता हुन्छन् भन्ने विषयले धेरै अर्थ राख्छ । अनुभवी, क्षमतावान व्यक्तिमार्फत द्रुत गतिमा अघि बढाउनुपर्ने काम छन् । जो मन्त्री भए पनि उसले सुरुमा आफूअनुकूलको सचिव खोज्छ । मन्त्री र सचिव बस्छन् र उनीहरूले बजेटदेखि विभिन्न विभागका प्रमुख फेर्न थाल्छन् । अनि विभागीय प्रमुखसमेत बसी आयोजना प्रमुख खोज्छन्।आयोजनाप्रमुखपाउनसामान्य प्रशासन मन्त्रालयको सहयोग चाहिन्छ । सामान्य

- बाँकी पृष्ठ ६ मा

# श्रद्धा भक्ति र आस्थाको पर्व:श्रीपञ्मी(सरस्वती पुजा)



**– उदय कुमार यादव**

हरेक साल माघ महिनाको शुक्ल पञ्चमी तिथिकै दिन मनाईने श्रीपञ्चमी पर्व वास्तवमा हरेक छात्रछात्राकालागि श्रद्धा,भक्ति र आस्थाका पर्व हुन्।किनकि यस पर्वको प्रतिक्षा खासगरी स्कुल कलेज पढ्ने छात्रछात्राकै बढि हुने गर्दछन्।हुनत्पर्व कुनै पनि सर्व सधारण सबैकालागि उतिनै महत्वपुर्ण हुने गरिन्छ,तथापि खासगरि यो पर्व चाहिं बुढा पाखा र वयस्क भन्दा बढि युवा युवति तथा ति छात्रछात्राका रुचिका विषय हुने गर्छन्,जसका अध्ययन स्कुल कलेज देखि लिएर टेक्नीकल ईन्स्टीच्यूट हरुमा जारि रहेको हुन्छातिनिहरुनै प्रायः मुर्तिका अर्डर गरी , पंडीत पुरोहित समेत राखी विशेष धुमधामका साथ हरेक साल विद्याकी देवी सरस्वतीलाई मानेर विधिवत पुजा गर्नेगर्दछन् ।

यो पावन पर्वको महिमा यतिछकि,करिब एक महिना अघिदेखि कलाकारहरुले पराल र तलाउ बाट चोखोमाटो ल्याई माता शारदेको विभिन्न प्रकारका मुर्तिविभिन्न महत्वपूर्ण सामग्री जस्तै रेशम रुई मोती आदि मिलाएर बनाउने शुरुवात गर्दछन् जसमा विभिन्न महत्वपूर्ण सामग्री लगायत रंगरोगन र वस्त्रका प्रयोग गरि मुर्तिलाई माताको असली स्वरुप मै सिंगारिन्छायस्ता विभिन्न कलाकारद्धारा बनाईएका मुर्तिहरु करिब एकहप्ता दशदिन अघि नै विद्यार्थीहरु अर्डर गरि बजारबाट श्रद्धाकासाथ सुपथ मुल्यमा किनेर ल्याउने गर्दछन्।

यसरी यसपाली पनि यहिमाघ १२ गतेशुक्ल पञ्चमी तिथि,विहिवारका दिन, तिनीहरु विद्याकी देवी सरस्वतीको पुजा विशेष धुमधाम सहित मनाउन गईराखेकाछन्। मुलरुपमा कतिपय ठाउंमा तिनीहरु पुरोहित तथा पंडित बोलाएर पुजा गर्दछन्भने कतिपय ठाउंमा आफै पाठ गर्ने गरेको देखिन्छापुजाका सामग्रीमा हरेक वर्ष प्रायः माताको श्रृंगार सहित वस्त्र,गंगाजली,पांचफल,पान सुपारी सुकुमेल आदि वाहेक सेव बुनियां केशौर वयर फुलमाला आदि सहित विधिवत पुजा गरी आरती संगै भोलिपल्ट विसर्जन गरिमुर्तिलाई नजिकको तलाउमा सेलाउने गर्दछन्। देवि सरस्वति पवित्रताका प्रतिक मानिएकाले हरेक छात्रछात्राहरुले आ आफना तनमन शुद्ध गरेर तलाउ सरोवरमा स्नानगरि विधिवत रुपमा पुजा गर्ने गर्ददछन्। विद्या दिने विद्या दायनी माताका रुपमा पनि देवि शारदा पुजिने भएकाले,यिनको पुजा विशेष श्रद्धा भक्ति र आस्थाका साथ नै सुसम्पन्न गरिन्छायसै दिनदेखि शरद् ऋतुको अन्त्य र वसन्तऋतु (सदावहार) को आगमन भएकाले यसलाई वसन्त पञ्चमीको रुपमा पनि पुजिन्छ ।

अथवा वसन्त पञ्चमी पनि भनिन्छायसैदिनदेखि अविर सबै छात्रछात्रा देखि आम मानिसले पनि खुशीका साथ एकअर्काका निधारमा अविरको लेपलगाई उमंग र श्रद्धाकासाथ फागु अर्थात् होरीको गीत र भजन पनि गाएर मनोरञ्जनको शुरुवात गर्ने गर्दछन्। तर अचेल आजका कलेजतथा क्याम्पस पढ्ने युवा यूवति लगायत कतिपय किशोर किशोरीहरु पनि यसलाई पश्चिमि संस्कृतिकै पहिरणमा तथा फैशनमा मनै उत्तँउलैं उत्ताउली भएर विकृति निम्तयाउंदै गरेकाले भविष्यका लागि यो खतराको घण्टी नै मान्नु पर्दछ,अन्यथा यससंग सम्बन्धित सबै सरोकारबालाले,क्याम्पस पढाउने प्रोफेसर लगायत शिक्षक अभिभावक तथा समाजले बेलैमा सचेत भई आआफना सन्ततिलाई सचेत गराई राख्नु पर्दछाविद्याको असली अध्ययज नै देवि सरस्वतीको पुजा हो र अध्ययन गरेका ज्ञानलाई व्यावहारमा उतार्नु नै वास्तविक पुजा हो। किनकी संसारका ठुलठुला विश्व प्रसिद्ध वैज्ञानिक र विद्धानहरु अध्ययनले नै महान् भएकाहुन् नकि केवल पुजाले?

भनिन्छ,विद्या ददाति विनियम् अर्थात विनम्रता की देवि शारदालाई पुजेको हो भने ख्वै आजका विद्यार्थीहरुमा त्यस्ता विनम्रता?कि त पुजाकै रुपमा यीदेखावा ढोंग हो या त यस भनाईमा सत्यता लुकेको रहेछाअर्थात् विद्या धनम् सर्व प्रधानम् जस्ता सास्वतः सत्य तथ्यलाई किन आजका गुरुहरुले आफना शिष्यमा व्यावहारिक रुपमा उतार्न असफल भएका होलान्? यहि नै ठुलोचिन्ता र बिडम्बनाको विषय आज बनेकोछ।

खैर आखिरमा,माता शारदाले हामी र हाम्रा यि यस्ता संपूर्ण कमि कमजोरीहरु लाई बेलैमा सुधार गरि हाम्रा सन्ततिहरु लाई समुचित रुपमा सद्वुद्धिका विकास गरुण् भनि यति नै कामना कासाथ उनलाई प्रार्थना गरौ,अनिमात्र यस श्रीपञ्चमी पुजाको सार्थकता रहनेछ भने कुरामा दुईमत नहोला।


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रमावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

**लक्ष्मीनियाँ गाउँपालिका**
धनुषा, मधेश प्रदेश

# मुलुक अप्ठ्यारो अवस्थामा छ, राष्ट्रिय सहमति गरौँ : वरिष्ठ नेता पौडेल

काठमाडौँ, १० माघ

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले मुलुकमा व्याप्त समस्या समाधान गरेर अघि बढ्न दलहरुबीच सहमति, सहकार्य र राष्ट्रिय एकताको खाँचो रहेको बताएका छन ।

प्रतिधिसभाको मंगलवारको बैठकमा नवनिर्वाचित सभामुख र उपसभामुखलाई बधाई एवं शुभकामना दिदै उनले मुलुकलाई अप्ठ्यारो परेको अवस्थामा सबै दल एक हुनुपर्ने आवश्यकता औँल्याए ।

मुलुकको कमसल आर्थिक अवस्था, भूराजनीतिक दबाब, सुशासनको कमजोर अवस्थालाई सुधार तथा शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न दलहरुबीच गहिरो एकताको खाँचो रहेको बताए । "राष्ट्रिय सहमति गरौँ, सबैले मिलेर राष्ट्र निर्माण गरौँ,



देशलाई एकताबद्ध बनाउन सबै एक ठाउँमा जुटौँ", उनले भने ,"नेपालको आकाशबाट निर ासाको कालो बादल हटाउन राष्ट्रिय सहमतिको वातावरण बनाऔँ ।"

आफू पहिलेदेखि नै राष्ट्रिय सहमतिको पक्षमा रहेको जनाउँदै उनले देशलाई अप्ठयारो परेको अवस्थमा सबै राजनीतिक दल एक हुनुपर्ने बताए । "देशमा सुशासनको आवश्यकता छ । अहिले कुशासन व्याप्त छ । हामीले शासनप्रणाली विकेन्द्रित गर्‍यौँ, तर भ्रष्टाचार तलसम्म गएको छ", नेता पौडेलले भने , "एउटा दलको आड लागेर भ्रष्टाचारी जोगिने अवस्था छ । त्यसलाई निरुत्साहित गर्न सबै दल एक ठाउँमा उभिनु जरुरी छ । सुशासनका लागि एकताका आवश्यकता छ ।" मुलुकको विकासका लागि आर्थिक स्रोतका कमी हुँदै गएको जनाउँदै उनले अनुदान दिने प्रवृत्ति पनि कम हुँदै जाँदा मुलुकको विकास निर्माण प्रभावित हुन सक्ने खतरा रहेको औल्याए। "अर्थतन्त्र धान्न नसक्ने अवस्थातर्फ जाने देखिँदै छ । सामाजिक सुरक्षाको खर्च बढिरहेको छ । यो खर्च कसरी उठाउने ?", उनले भने , "निर्मम शैली अपनाएर खर्च कटौती गर्नु जरुरी छ ।"

विप्रेषण (रेम्यािन्स)को भरमा मात्र मुलुक चल्न नसक्ने उल्लेख गर्दै उनले विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा खर्च गर्ने वावावरण बनाउन आग्रह गरे ।"रेमिमट्र्यान्सले कति दिन धान्छ ? रेमिटयान्स आउँछ उत्पादन क्षेत्रमा खर्च भइरहेको छैन । अनुत्पादन क्षेत्रमा खर्च भइरहेको त्यसलाई उत्पादन क्षेत्रमा मोड्ने कसरी ?", नेता पौडेलले भने , "त्यसका लागि सबै दलहरु एक हुनुपर्ने आवश्यकता छ ।"

प्राप्त राजनीतिक उपलब्धिलाई चुनौती दिने तत्व अझै जुर्मुराइरहेको जनाउँदै उनले संविधान ल्याउन लागेको दलहरु प्राप्त उपलब्धि जोगाउन एक ठाउँमा हुने की नहुने ? भन्ने प्रश्न आमरुपमा उठेको बताए । "कांग्रेस र कम्युनिष्ट मिलेर नेपालमा प्रजातन्त्र र लोकतन्त्र आएको हो, अब त्यसलाई रक्षा गर्न कांग्रेस र कम्युनिष्ट एक ठाउँमा हुने की नहुने ?"उनले भने । दलहरुको विभाजित मानसिकताबाट लोकतन्त्र जकडिएको जनाउँदै उनले लोकतन्त्रलाई जोगाएर अगाडि लैजान सहमतिको आवश्यकता रहेको बताए ।"सामाजिक, सांस्कृति मूल्यको स्खलन डरलाग्दो छ । यसबाट मुक्त हुन एक हुने कि नहुने", उनले भने , "निरासाका घन्टीहरु बढिरहेका छन्, नकारात्मक प्रवृत्ति आइरहका छन्, ती असन्तुष्टिलाई सम्बोधन गर्ने दायित्व हाम्रो हो कि होइन ?"

पछिल्ला समय मुलुकमा राजनीतिक नेतृत्वको अभाव र राष्ट्रिय आत्मविश्वासको अभाव हुँदै गएको महसुस हुन थालेको उनको भनाइ छ ।

"सत्ताको राजनीतिको दबदबा, निष्ठाको राजनीतिक किनारा लाग्दै गएको छ । निष्ठाको राजनीतिलाई जोगराउन एकताको खोजी गर्नुपर्नेछ", नेता पौडेलले भने , "नेतृत्वले विश्वास गुमाएको अवस्था हो । त्यसलाई महसुस गरौँ ।" सकारात्मक सोच, सहमति ,सहकार्यको सोचबाट मात्रै राष्ट्रिय नेतृत्व प्राप्त हुन सक्ने उनको विश्वास छ ।

विधिको शासन नै लोकतन्त्र भएको जनाउँदै उनले विधिको सशासनलाई सबैले मान्नुपर्ने बताए ।"सभामुखले पूर्वाग्रही विचार राख्नु हुँदैन, यसबाट जोगिएर काम गर्नुहोला । सभामुखले निष्पक्षरुपमा काम गर्दा संसदमा आरोपप्रत्यारोप हुनसक्छ, त्यसतर्फ सचेत हुनुपर्छ", उनले भने ।रासस

# छोरा पढाउन सहर पसेर पानीपुरीको व्यापार



भजनी, १० माघ

हरेक आमाबाबुको इच्छा हुन्छ सन्तानलाई कम्तीमा राम्रो शिक्षा दिन सकौँ । यसका लागि पायकमै राम्रो विद्यालय होस् भन्ने चाहना पनि हुन्छ । तर सबैले भने जस्तो हुँदैन । गुणस्तरीय शिक्षाका लागि टाढासम्म जानुपर्ने बाध्यता अझै पनि छ । अभिभावकहरु राम्रा विद्यालयको खोजीमा सहर पस्न बाध्य भइरहेको घटना नौला होइनन् । त्यसैमध्येकी एक हुनुहुन्छ, कालीकोट पचाल झरना गाउँपालिका-५ कि दुर्गा बुढा । बुढाका तीन जना छोरा छन् । गाउँमा भने जस्तो विद्यालय नभएपछि उनी यतिबेला कैलालीको टीकापुर आएका छन । उनले कालीकोटको घर, जग्गा र व्यापार सबै छोडेर सहर आएका हुन ।

गाउँमा छँदा चिया पसल, खेतीपाती, दुई भैँसी, एक घोडा र बाह्र खच्चर एक्लैले सम्हालेकी उनले त्यो बेलामा मासिक रू ३० देखि ४० हजारसम्म कमाउथ्यो । "गाउँमा कमाइ राम्रो भए पनि विद्यालय भने जस्तो नभएपछि छोरालाई लिएर टीकापुर पठाएकी थिएँ", उनले भने , "यहाँ बस्दा पढाइ र होस्टेलका लागि मासिक २० देखि २५ हजारसम्म खर्च हुने गरेको थियो ।" तर छोराहरुले होस्टेलको खानामा गुनासो गरेपछि आफै टीकापुर आएको उनले सुनाए। "टीकापुर आएपछि कमाउने आधारहरू सबै सकिए। गाउँको चिया पसल गुम्यो । खेतबारी पनि उजाड बन्यो । निकै मिहेनतले बनाएको घर अलपत्र पर्‍यो भने आम्दानीका सबै स्रोत पनि सुके", उनले भने ।

नयाँ आम्दानीको स्रोतका लागि उहाँले पानीपुरी र चटपटेको व्यापार सुरु गर्नुभयो । जेठो छोरा एसइई उत्तीर्ण गरी अहिले काठमाडौँमा कक्षा ११ मा पढिरहेको छ । दुई छोरा टीकापुरमै एउटा ७ मा र अर्को ५ मा अध्ययन गरिरहेका छन् । बाख्रा बेचेको पैसाबाट एउटा ठेला किनेर पानी पुरी र चटपटेको व्यापार सुरु गर्नुभएकी दुर्गालाई अहिले पहिलेको जस्तो चिन्ता भने छैन । "दैनिक एक हजारको हाराहारीमा कमाइ हुन्छ । महिनामा २५ हजारसम्म बचत हुन्छ", दुर्गा भन्छन, "काठमाडौँ छोरालाई मासिक १२ देखि १५ हजार पठाउनुपर्छ । त्यस्तै मेरो कमाइले परिवार पालिएको छ ।"रासस

# राष्ट्रियसभामा गुणस्तरहीन औषधिदेखि शीतलहरसम्मका कुरा

काठमाडौँ, १० माघ

राष्ट्रियसभामा गुणस्तरहीन औषधि, महिला र बालबालिकामाथि भएका हिंसाका घटना, पाठ्यपुस्तक र सरकारी अस्पतालमा बिरामीका लागि शयया अभाव र शीतलहरबाट जनतामा परको अप्ठेरोलगायत विषय उठान भएको छ । राष्ट्रियसभाको मंगलवारको बैठकको शून्य समयमा भाग लिने सदस्यहरुले शहीद सप्ताह र विमानस्थलमा भएको हिजोको घटनाले सुशासनका लागि दिएको चुनौतीलगायत विषयमा सदनमार्फत् सरकारले ध्यानाकर्षण गराएका हुन ।



बैठकमा इन्दिरादेवी गौतमले बजारमा गुणस्तरहीन औषधि छ्यापछ्याप्ती रहेकाले नागरिकको स्वाथ्यमा पर्न सक्ने गम्भीर असरलाई ध्यानमा राखी अनुगमनलाई चुस्त तुल्याउँदै त्यसलाई रोक्न माग गरे ।

अर्का सदस्य गङ्गाकुमारी बेल्वासेले पछिल्लो समय महिला र बालबालिकामाथि भएका आक्रमणका घटनाले सुरक्षा जोखिम देखिएकाले सामाजिक सुरक्षा कायम गर्न सरकारको ध्यानाकर्षण गराए ।

सदस्य तुलसाकुमारी दाहालले आगामी शैक्षिक सत्रमा विद्यालयका पाठ्यपुस्तक अभाव हुन नदिन समयमै छपाइ कार्य गर्न तथाकाठमाडौँको फोहर दीर्घकालीनरुपमा व्यवस्थापन गर्न समयमै ध्यान पुर्‍याउन आवश्यक रहेको बताए ।

सदस्य भगवतीकुमारी न्यौपानेले काठमाडौँ उपत्यकामा रहेका सरकारी अस्पतालमा भर्ना भएका बिरामीले बेड पाउन कठिन भएकाले अस्पतालको स्तरोन्नति र उपचार सेवालाई सर्वसुलभ र सहज गर्नेतर्फ राज्यको ध्यान जानुपर्ने भनाइ राखे ।

सदस्य मायाप्रसाद शर्माले राष्ट्रियसभामा उठेको विषयलाई मन्त्रीले जवाफ नदिएर यसको मान्यतालाई कमजोर तुल्याउने काम भएको बताउँदै सदनमा उठेको विषयमा मन्त्रीको जवाफ अनिवार्य होस् भने । अर्का सदस्य शारदादेवी भट्टले तराई मधेसमा चलेको शीतलहरबाट ज्येष्ठ नागरिक र बालबालिका बढी प्रभावित भएकाले बिरामीलाई औषधि र विपन्नलाई लत्ताकपडा उपलब्ध गराउने व्यवस्थाका लागि सरकारको ध्यानाकर्षण गरे ।

सदस्य सुमित्रा विसीले लोकतन्त्रका लागि जीवन उत्सर्ग गर्ने शहीदको सम्मानका लागि श्रद्धान्जली अर्पण गर्दै हिजो त्रिभुवन विमानस्थलमा भएको घटनाले सुशासनको नारालाई खिल्ली उडाउने काम भएको बताए ।रासस

# विदेशमा सिकेको सीपले यहाँ १० जनालाई रोजगारी

उर्लाबारी, १० माघ

पारिवारिक सुखका लागि सन् २००६ मा खाडी देशमा रोजगारीका लागि होमिनुभएका मोरङ उर्लाबारीका राजकुमार निरौलाले त्यँहा रहदा एक कम्पनीमा बेकरी बनाउने काम पाए । परिवारको माया र आफन्तको साथ छोडेर करिब १० वर्ष दुबईमा रोजगारी गरी सन् २०१६ मा नेपाल फर्किएका उनले विदेशमा सिकेको सीप र क्षमतालाई स्वदेशमै उपयोगमा ल्याउन सदाका लागि वैदेशिक रोजगारी त्यग्ने सोच बनाए ।

वैदेशिक रोजगारीमा सङ्गालेको अनुभवलाई समेटेर निरौलाले रु ५० लाखको लगानीमा उर्लाबारी-५ स्थित सिर्जना चोकमा 'नोभा बेकरी उद्योग' स्थापना गरे । विदेशमा कमाएको सबै रकम उद्योगमा लगानी गर्दा सुरुसुरुमा उनले लगानी डुब्ने हो की भन्ने पिरले निकै मन पोल्ने गरे पनि निरन्तर उद्योग सञ्चालनमा लागिरहँदा आज उर्लाबारीमै सफल बेकरी उद्योगीका रूपमा स्थापित भइएको बताए ।



उद्योगबाट उत्पादित बेकरीका 'आइटम'ले छोटो समयमै उपभोक्ताको मन जित्न सफल भयो । आत्मविश्वास भए स्वदेशमै उन्नति गर्न सकिँदो रहेछ भन्ने दरिलो हिम्मत आफूमा पलाएको बताउँदै निरौलाले यस उद्योगबाट बर्थ-डे केक, केक, ब्रेड, बिस्कुट, क्रिमडोल, पप, डुनोट, विभिन्न प्रकारका पाउर ोटी यति बेला धमाधम उत्पादन भइरहेका छन् भने । हाल बजारमा डुनोट, ब्रेड र केकको बढी माग हुन्छ ।

उनले भने -"मेरो उद्योगमा दैनिक १० जनाले निरन्तर काम गरिरहेका छन् तर बजारको माग धान्न मुस्किल छ ।"

नोभा बेकरीका उत्पादन पूर्वी मोरङका मुख्य सहर उर्लाबारी, पथरी, बेलबारी, विराटचोक, झापाको दमक बजार र गाउँ बस्तीसम्म छाएका छन् । बजारबाट बेकरीको राम्रो माग भएपछि आधिकारिक बिक्री काउन्टर खोल्ने सोचमा पुगेका निरौलाले भने , "हालसम्म उद्योगबाटै उत्पादित वस्तुलाई बजारसम्म लाने गरिएको थियो अब उर्लाबारी चोकको पश्चिमतर्फ रोड हाउस क्याफेसँगै रहेको कोइराला मार्केटमा बिक्री काउन्टर खोलेर व्यवसायलाई विस्तार गर्ने सोचमा छु ।"

उद्योग सञ्चालनमा आएको सात वर्ष नबित्दै नोभाका उत्पादनको व्यापार फस्टाउँदै गएको छ । उहाँसँगै परिवारका सदस्य र कामदारलाई बेकरीमा आउने मागलाई पूर्ति गर्न सधैँ हतारो हुने गरेको उक्त व्यापारलाई नजिकबाट नियाल्नेहरुले बताए । गुणस्तरीय उत्पादन र छरितो सेवाका कारण ग्राहकको रोजाइँ बनिरहेको नोभाका नियमित ग्राहक ज्योति भट्टराईले उल्लेख गरे ।

चाडपर्वमा बढी उत्पादन र बिक्री हुने चर्चा गर्दै निरौलाले भने , "होटल, किराना र अन्य खुद्रा बेकरीलाई उत्पादित सामान दिने गरेका छौँ ।"आफूले नोभाकै बिस्कुट र पाउरोटीहरु बिक्री गर्दै आएको उर्लाबारीको पश्चिम बस स्टेसनमा रहेको श्रेष्ठ होटलका सञ्चालक राम श्रेष्ठको भनाइ थियो । विभिन्न उत्सव र चाडपर्वका लागि बेकरी आइटमका केक गुणस्तरीय उत्पादनमा जोड दिइरहनुभएका निरौलाले होटल, पार्टी प्यालेस र व्यक्तिगत माग पनि धान्दै आएका छन ।

"स्वदेशमा नै केही उद्यम गरे रोजीरोटी र रोजगार ीसमेत सिर्जना गर्न सकिने सम्भावनालाई मूर्तरूप दिन सपरिवार लागिपरेका छौँ" उनले भने ,"बजारमा हाम्रो उत्पादन नयाँ नै हो, हामी सिकिरहेका छौँ, फड्को मारेको त नभनौँ तर सबै खर्च कटाएर मासिक रु एक लाख ५० हजारको हाराहारीम बचत हुने गरेको छ, हाम्रो तयारी अझ निखार्न ज्ञान, प्रविधि र सीप हासिल गर्न हामी बढी केन्द्रीत छौ, हाम्रो उद्देश्य ग्राहकको स्वास्थ्यलाई सर्वोपरी राख्दै गुणस्तरमा कुनै समझौता नगरी शुद्ध, सफा, गुणस्तर र हाइजेनिक उत्पादन दिनु हो ।"रासस

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झ्याल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

**शहिदनगर नगरपालिका**
धनुषा, मधेश प्रदेश

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु


*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झ्याल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

**सुखिपुर नगरपालिका**
सिरहा, मधेश प्रदेश

# सरस्वती पुजाको नाममा चन्दा नलिन निर्देशन





वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा,
मधेश प्रदेश, नेपाल

प.सं.: शिक्षा २०७९/०८०
च.नं.: ५९६९

मिति : २०७९/१०/१०

विषय : शुल्क सम्बन्धमा।

श्री सबै संस्थागत विद्यालयहरू,
वीरगंज महानगरपालिका

प्रस्तुत विषयमा वीरगंज महानगरपालिका अन्तर्गतका संस्थागत विद्यालयहरू सरस्वती पूजाको नाममा चन्दा संकलन गरिरहेको भनी यस कार्यालयमा लिखित तथा मौखिक उजुरी परेको हुनाले शिक्षा ऐन तथा नियमावलीले तोके बाहेकका कुनै पनि शीर्षक तथा बहानामा चन्दा तथा शुल्क उठाउने कार्य तत्काल रोक्न र लिइसकेको भए अविलम्ब फिर्ता गर्नहुन अनुरोध छ।

बोधार्थ:
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, नगर कार्यपालिकाको कार्यालय, वीरगंज महानगरपालिका।
श्री प्रमुखज्यू, वीरगंज महानगरपालिका।
श्री उप-प्रमुख ज्यू, वीरगंज महानगरपालिका।

स्वस्थ सुन्दर विकासको शहर वीरगंज नगर

मधेशदृष्टि
बीरगंज, १० माघ । सरस्वती पुजाको नाममा विद्यार्थीबाट चन्दा नलिन विद्यालयहरुलाई बीरगंज महानगरपालिकाले निर्देशन दिएको छ।

सरस्वती पूजा मनाउने नाममा महानगरमा रहेका निजी विद्यालयहरुले विद्यार्थीहरुबाट मनपरी रुपमा चन्दा भन्दै रकम असुलिरहेको गुनासो आएन थालेपछि मंगलबार वीरगंज महानगरपालिकाको कार्यालयले एक सूचना जारी गर्दै त्यसो नगर्न निर्देशन दिएको हो । यदि कुनै विद्यालयले सरस्वती पूजाको नाममा चन्दा वा शुल्क लिएको भए तत्काल फिर्ता गर्न महानगरले भनेको छ।

महानगरका निजी विद्यालयहरुले सरस्वती पूजाको नाममा चन्दा संकलन गरिरहेको भनि यस कार्यालयमा लिखित तथा मौखीक उजुरी परेकाले शिक्षा ऐन तथा नियममावलीले तोके बाहेकको कुनै पनि शीर्षक वा बहानामा चन्दा तथा शुल्क उठाउने तत्काल रोक्न र लिइसकेको भए अविलम्ब फिर्ता गर्न अनुरोध गरिन्छ भन्ने कुरा महानगरपालिको सुचनामा उल्लेख छ।

वीरगन्जमा रहेका अधिकांश निजी विद्यालयले सरस्वती पूजा मनाउनका लागि विद्यार्थीहरुबाट रु. एक सयदेखि पाँच सय रुपैया असुली गरेको भन्दै तीन दिनअघि अभिभावक संघ पर्साले एक विज्ञप्ति जारी गर्दै महानगर पालिकाको ध्यानाकर्षण गराएको थियो।

संघका अध्यक्ष सन्दिप साहले भने सरस्वती पूजाका नाममा जीएचपी स्कुलले प्रति विद्यार्थी १ सय २० रुपैयाँ, ज्ञानज्योती माविले २ सय रुपैया , गोल्डेन फ्युचर माविले ४ सय रुपैया, ओम नेशनल एकाडेमीले १ सय २० रुपैया , एन्जल एकाडेमीले २ सय रुपैया, जेम्स स्कुल अफ डकैला बहुअरीले २ सय रुपैया, मेरिगोल्ड माविले एक सय ५० रुपैया असुलेको छ।

निजी विद्यालयले सरस्वती पूजामा १० रुपैयाँको प्रसाद दिएर चन्दामा १ सय देखि ५ सय रुपैया चन्दा असुली गरेर पूजाको बहानामा व्यपार गर्दै आएको आरोप अध्यक्ष साहको रहेको छ।

## लोसपालाई सरकारमा ............

दिइनेछ । यसमा कुनै हेरफेर नगरिएको उनले जानकारी दिए। संघीय सरकारमा जसपा सहभागी नभएको कारण केन्द्रिय गठबन्धन सहमतिको वातावरण नबनेको कारण प्रदेशमा पनि मन्त्रिपरिषद विस्तार र जिम्मेवारी बाँडफाँडमा ढिलाई भइरहेको थियो । पछिल्लो पटक केन्द्रमा जसपा र जनमतबीच सरकार संचालन र जिम्मेवारी बाँडफाँड बारे छलफल पनि भएको थियो।

# धनुषाधामको पर्यटकीय विकास गर्नुपर्ने



मधेशदृष्टि, जनकपुरधाम, १० माघ । मधेस प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले धार्मिक तथा ऐतिहासिक स्थलको रुपमा परिचित धनुषाधामलाई पर्यटकीय नगरीको विकास गर्नुपर्नेमा जोड दिएका छन् । मंगलबार धनुषाधाममा आयोजित बधाई तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख मण्डलले रामले सितासँग विवाह गर्नुअघि तोडेको धनुषको एक अंश धनुषाधाममा पनि भेटेकाले यस क्षेत्रलाई धार्मिक पर्यटकीय नगरीको रुपमा व्यवस्थित र विकसित गर्न आफूले पहलकदमी लिने आश्वासन दिए । उनले धनुषाधाममा प्रत्येक वर्ष लाग्ने मकर मेलाको प्रचारप्रसार गरी धार्मिक पर्यटक तान्नका लागि सबैले आ-आफ्नो स्तरबाट लाग्नुपर्ने उनले बताए। धनुषाधाम चुरे क्षेत्रसँग जोडिएर रहेकोले यस भूमिलाई रोजगारको मुल क्षेत्रको रुपमा विकास गर्नुपर्नेसमेत बताए। नवनिर्वाचित सभामुख मण्डललाई धनुषाधाम नगरपालिकाका स्थानीयवासी, नागरिक समाज, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु बधाई तथा शुभकामना व्यक्त गरेका थिए।

## सीप सिकाएर सुरक्षित ...............................

इजाजत दिनुपर्ने बताए। वैदेशिक रोजगारमा जाने महिलाको लागि पहिला त्यस देशको भाषा संस्कार संस्कृतिको बारेमा जानकारी लिएर र कुन कामको लागि जाने त्यो काम दक्ष भएर वैधानिक बाटोबाट जाँदा जोखिम कम हुने उनले बताए।

उनले हाम्रो प्रदेशमा महिला अहिलेपनि धेरै संख्यामा अशिक्षित छन् । तिनीहरुको शिक्षा र सीपमा ध्यान पुरयाउन आवश्यक छ। यसका साथै सिप वा तालिम लिने संघ संस्थाहरुले इमान्दार हुनु जरुरी रहेको भने। उपप्रमुख साहले भने तालिम तथा सीप दिने संस्थाहरुले एउटै व्यक्ति र एउटै प्रकृतिका दिने गरेका नयाँ व्यक्ति र नयाँ सीपबाट वञ्चित हुनु परेकाले बजेट कुम्ल्याउने काम नगरौ। कार्यक्रममा धनुका प्रहरी उपरिक्षक विश्वराज खड्काले विभिन्न म्यानपावर र एजेन्सीबाट बढी ठगीको घटना भइरहेकाले यसप्रति सुरक्षा निकायदेखि सम्बन्धित निकायले राम्ररी चेकजाँच गरेर मात्रै वैदेशिक रोजगारमा पठाउनुपर्ने बताए । उनले म्यानपावर र तिनका एजेन्टहरुले मापदण्ड पुरा नभएका व्यक्तिहरुको पनि डुप्लीकेट कागजातहरु तयार गरेर पठाउने गरेको कारण बढी वैदेशिक रोजगारमा गएकाहरु संकटमा परेका छन्। कार्यक्रममा सुरक्षित आप्रावासनकी कौशिल्या देवीले वैदेशिक रोजगारमा महिलाहरुलाई खेप्नु परेको समस्याबाट उन्मुक्ति भन्दा स्वदेशमा सीपमुलक रोजगारको व्यवस्थान गर्नुपर्नेमा जोड दिईन । उनले भनिन् हाम्रो देशमा महिलालाई रोजगारमा लगाउन सहुलियत ऋणको व्यवस्था गरिएको छ । तर ती ऋण आवश्यकता भएका महिलाभन्दा पनि पहुँचवालाले मात्रै पाउने गरेको आरोप लगाईन। आयोगका उपसचिव सीता अधिकारीले पछिल्लो समयमा वैदेशिक रोजगारमा जाने महिलामाथि विभिन्न खालका हिंसा हुने गरेका घटना सार्वजनिक भएसँगै आयोगले २१ वर्षको इतिहसामा पहिलो पटक वैदेशिक रोजगार र महिलाको सवाललाई चासो दिएर कार्यक्रम गरेको बताए। कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामतले प्रदेशका कति महिला कुन देशमा गएको बारे सम्बन्धित निकाय अपडेट नरहेको आरोप लगाउँदै यसप्रति ध्यान पुरयाउन आग्रह गरे । उनले भने समय समयमा वैदेशिक रोजगारको अवस्था बारे अपडेट सूचना सार्वजनिक गरे संचारकर्मीलाई समाचार सम्प्रेषणमा सहयोग पुग्नेछ । कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख संगीतादेवी ठाकुर, मधेस प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक मनोजकुमार यादव, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्का, राष्ट्रिय मानव अधिकार आयोगकी रेखा दत्त, पत्रकार अजय झा, संतोष कर्ण, महिला अधिकारकर्मी शिला झालगायतकाले पनि वैदेशिक रोजगारमा महिलाको अवस्था र सरोकारवाला निकायले ध्यान दिनुपर्ने कुरामा सुझाव दिएका थिए।

## यी हुन् सरकारले ....................................

प्रशासन मन्त्रालयको मन्त्री अर्को पार्टीको परिदियो भने दुई महिना त्यसै झुलाइदिन्छ।

सार्वजनिक क्षेत्रका सबै निकायको एउटै स्वर हुनुपर्छ। अर्थतन्त्रका बारेमा सही कुरा बुझाउनुपर्छ । निक्षेप दिनेलाई पनि यति धेरै ब्याज लिनुहुँदैन भन्नुपऱ्यो । लिनेलाई पनि पैसा यति सस्तोमा पाइँदैन है भन्नुपऱ्यो। राजनीतिक नेतृत्वले त्यति आँट गर्छ कि गर्दैन ? अहिले राज्यका लागि घातक अभियान सुरु भएको छ- ऋण नतिरौं अभियान । लघुवित्त र सहकारीको ऋण चुनावपछि माफी गरिदिउँला भनेको सुनियो । लघुवित्तका ऋणी २५ लाखभन्दा बढी छन्। सहकारीका त सदस्यै कति छन् कति । यस्तो अवस्थामा सरकारले दुइटा गल्ती गरेको छ। एउटा, सरकारकै मान्छेले उकास्ने, यो साहुकार भयो, यति ब्याज लियो, यसरी शोषण गऱ्यो भन्ने।

आफूले 'सिस्टम' मा 'करेक्सन' गरेर उनीहरू राहत नदिने, तर भड्काइरहने। दोस्रो चाहिँ सरकार या राष्ट्र बैंकले कसको प्रभावमा परेर हो, लघुवित्तलाई १५ प्रतिशत ब्याजको सीमा तोकिदिएको छ । सहकारीलाई १६ प्रतिशतको सीमा छ । यो कहाँबाट भयो ?बैंकहरूलाई स्प्रेड राखेर नियन्त्रण गरिएकै थियो, त्यहाँ पनि स्प्रेड राखेर स्वतन्त्र छाडिदिएको भए भइहाल्थ्यो। अहिले लघुवित्तले १५ देखि १६ प्रतिशत ब्याजमा पैसा लिइरहेका छन्। अनि उनीहरू १५ प्रतिशतमा लगानी गरेर आफैं चौपट हुँदैनन् ? एकातिर आन्दोलनकारीले पैसा नदेऊ भनिरहेका छन्, अर्कातिर थप पुँजी पाउने अवस्था छैन, अनि लघुवित्तहरू कसरी अघि बढ्छन् ?

सहकारीमा पनि यस्तै समस्या छ । केही सहकारीले कमजोरी गरेका छन्, त्यसका आधारमा उनीहरूलाई कारबाही गरेर अरूलाई उद्धार गर्नुपर्ने हो। तर, त्यसो गरिएको छैन। करिब ५ खर्बको सहकारी, त्यति नै बराबरको लघुवित्त क्षेत्रलाई 'ट्र्याक' मा ल्याउनु अहिलेको सरकारको चुनौती हो। बैंककै ऋण नतिरौं भन्ने अभियान थालिएको पनि सुनेको छु, यसलाई समाधान गरिहाल्नुपर्छ।

अपेक्षा निजी क्षेत्रका पनि छन् । उसका केही अपेक्षा पूरा गर्ने र केही उसले सुधार गर्नुपर्ने देखिन्छ । निजी क्षेत्रले भन्न थालिसकेको छ-गठबन्धनको सरकारबाट हामीलाई केही आसा छैन । तर, सरकारले बुझ्नुपर्ने के छ भने, सबै व्यवसायीलाई समान किसिमको व्यवहार गर्नुपर्छ। 'चेरिपिकिङ' गर्ने नीति मन्त्रीहरूको भइदियो भने बिग्रिन्छ । व्यवसायीका जायज केही माग छन्, तिनको सम्बोधन पनि हुनुपर्छ।

हिजो ६/७ प्रतिशतमा लिएको ब्याज एक वर्षमै दोब्बर भयो। लगानी गरिसकेको अवस्थामा अब उनीहरू डुब्ने त ? एउटा प्रतिफल पाउँला र ऋण तिरौंला भन्नेलाई केही हेरिदिनैपर्छ। उत्पादनमूलक उद्योगलाई सरकारले बचाउनैपर्छ। जस्तो, नेपाल राष्ट्र बैंकले ब्याजदरमा केही हेरिदिन सक्छ । उसमा एउटामात्र द्वार छ। ब्याजदरकै कारण मात्र उद्योग धराशयी बनेका हुन् भने राष्ट्र बैंकबाट समस्या समाधान गरिदिन सकिन्छ। तर, समस्या ब्याजदरमा मात्र छैन।

सरकारले उद्योगीलाई अरू सहुलियत दिएर पनि उद्धार गरिदिन सक्छ। जस्तो कि, कच्चापदार्थ आयातमा छुट दिन सकिन्छ। बिजुली दिने भनिए पनि कतिपय उद्योगले डिजेल अथवा थर्मल पावर प्लान्ट आफैं लगाएर काम चलाउनुपरेको छ । विद्युत महसुलमा केही गर्न सकिन्छ कि अथवा स्थानीय अवरोध छुटाइदिएर हुन्छ कि, यस्तो अर्थ र उद्योगमन्त्रालयले सहुलियत दिएर समस्या समाधान गर्न सकिन्छ।

किनभने, ठूला उद्योगका सम्पूर्ण 'अपरेटिङ कस्ट' मा ब्याजदरको हिस्सा बढीमा २५ प्रतिशतको समस्या होला । ७५ प्रतिशत अरू खर्च छन् । विद्युत, ढुवानीको कार्टेलिङ, डिजेलको मूल्यवृद्धि जस्ता खर्च घटाउन सकिन्छ। भारतमा त्यसरी इन्धनको मूल्य घटिसकेको छ, यहाँ पनि घटाइदिन सकिन्छ।

निजी क्षेत्रलाई प्रोत्साहनका लागि हाम्रो शासकीय समस्यामा धेरै केही गर्नुपर्ने छैन । संरचना बनिसकेको छ । एकद्वार प्रणालीलाई व्यवस्थित बनाउने र त्यसमा जटिल सेवालाई अनलाइन प्रणालीबाट दिने गर्न सकिन्छ । खासखास आद्योगिक क्षेत्रमा निजी क्षेत्रले आफ्नो 'स्टेक' रहोस् भनेको छ, त्यसमा उनीहरूलाई समावेश गर्ने, सानातिना एयरपोर्ट ठेक्कामा लिन चाहे दिने आदि काम पनि गर्न सकिन्छ। तसर्थ, नीतिगत र शासकीय व्यवस्थामा निजी क्षेत्रलाई विश्वासमा लिनुपर्छ । यसका लागि कमसेकम अर्थमन्त्री र उद्योगमन्त्री उनीहरूको विश्वास जित्न सक्ने किसिमको हुनुपर्दछ।

त्यसमा पनि निजी क्षेत्रको 'फोकल मिनिस्टर' उद्योगमन्त्री हुन् । यस मनस्थितिबाट प्रेरित रहेर सरकारले काम गर्नुपर्छ । आर्थिक वृद्धि माथि लैजान निजी क्षेत्रले करिब तीनचौथाइ लगानी गर्नुपर्छ। त्यस्तो क्षेत्रलाई बेवास्ता गरिरहेर सरकारी विकास आयोजनाकै ठेक्कापट्टामा मात्र हामी केन्द्रित रहने हो भने सिमेन्ट, रड, गिटीरोडाको खपत कहाँ हुन्छ ? निर्माण व्यवसायीले के गर्छन् ? निजी क्षेत्रलाई समस्या सिर्जना गर्ने कानुन परिमार्जन गरिदिनुपर्छ। ती कानुन अघि बढाइदिने र निजी क्षेत्रका पनि कुरा सुनिदिने किसिमले सरकारले काम गर्नुपर्छ।

(डा. खतिवडा पूर्वअर्थमन्त्री हुन्, यो लेख नेपाल आर्थिक पत्रकार समाज(सेजन) को प्रकाशन सेजन स्मारिका २०७९बाट केही सम्पादन सहीत साभार लिइएको हो ।)

मधेश प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनुषा

पत्र संख्याः
चलानी नं.

जनकपुरधाम नेपाल

मितीः २०७९।१०।११

कार्यालय तथा आवास भवन मरमत सम्भार सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना
प्रथम पटक प्रकाशित मितीः २०७९।१०।११ गते

यस कार्यालयको आ .व. २०७९।८०को स्विकृत वार्षिक कार्यक्रम अनुसार कार्यालय तथा आवास भवन मरमत सम्भार सम्बन्धी कार्य गराउनु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रहि मरमत सम्भार गर्न इच्छुक निर्माण व्यवसायीहरुवाट शिलबन्दी दरभाउ पत्र पेश गर्नको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. इच्छुक निर्माण व्यवसायीहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्द्) दिन भित्र आफ्नो ईजाजतपत्र,मू.अ.कर दर्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, आ.व.२०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र रु.१००० /०० (अक्षारुपी रु.एक हजार मात्र) यस कार्यालयको कार्यालय कोड नं. ३१२०११७०३२, राजश्व शिर्षक नं.१४२२९, राजश्व खाता नं.१०००१००२०००१०००० मा (पछि फिर्ता नहुने गरि ) राजश्व बुझाएको शक्कल भौचर वा यस कार्यालयमा नगदै बुझाएको नगदी रसिद सहित संलग्न राखि निवेदन दिई यस कार्यालयबाट कार्यलय समय भित्र सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।
२. रीतपूर्वक भरिएको सिलबन्दी दरभाउपत्र फारम प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनको १२ :०० वजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ साथै सोही दिनको २.०० वजे यस कार्यालयमा प्रतिनिधीहरुको रोहवरमा सिलबन्दी दरभाउ पत्र खोलिनेछ । सिलबन्दी दरभापत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बांधा पर्ने छैन ।
३. सिलवन्दी दरभाउ पत्रसाथ कम्तिमा ७५ (पचहत्तर) दिन मान्य अवधी रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत (Bid Bond) को शक्कल प्रती वा यस कार्यालयको कार्यालय कोड नं. ३१२०११७०३२ नं. प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा रा.वा.बैंक जनकपुर शाखामा रहेको धरौटी हिसाब नं. १२२०१००२०२०३०००० मा नगदै दाखिला गरेको शक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।
४. सिलबन्दी दरभाउ पत्रमा दररेट उल्लेख गर्दा Bill Of Quantity (BOQ) को प्रत्येक महलमा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्याता दिइने छ ।
५. दररेट भर्दा मूल्य अभिबृध्दि कर वाहेकको दररेट भर्नु पर्नेछ ।
६. स्वाघोषणा पत्र समावेश गर्नु पर्ने छ।
७. सिलवन्दी दरभाउ पत्र दाखिला गर्दा सिलबन्दी खामको बाहिर यस कार्यालयको नाम , ठेक्का नम्वर, कामको विवरण र दाखिला गर्ने निर्माण व्यबसायीको नाम, ठेगाना स्पष्ट रुपमा खुलाइ पेश गर्नु पर्नेछ ।
८. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ ।
९. एक फर्मको नाममा खरिद भएको दरभाउ पत्र अर्को फर्मको नाममा दर्ता गर्न पाइने छैन ।
१०. रीत नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाहि हुने छैन ।
११. दरभाउ पत्र आंशिक रुपमा वा पुर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ ।
१२. सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार हुनेछ ।

| | ठेक्का नं. | ठेक्काको किशिम | कामको विवरण | लायत अनुमान रकम (मू.अ.कर बाहेक) | धरौटी रकम रु |
|---|---|---|---|---|---|
| १. | १ | सिलबन्दी दरभाउपत्र | कार्यालय तथा आवास भवन मरमत सम्भार सम्बन्धी | १३६६९७७ | ४००००।०० |

# अमेरिकामा भएको गोलीकाण्डबाट राष्ट्रसंघीय महासचिव स्तब्ध

संयुक्त राष्ट्रसङ्घ, १० माघ
संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसले गत शनिबार राति अमेरिकाको दक्षिणी क्यालिफोर्नियाको एक एसियाली शहरमा भएको गोलीकाण्डमा परी भएको मृत्युले आफूले स्तब्ध भएको बताएका छन।

सो गोलीकाण्डमा परेर कम्तीमा पनि १० जनाको मृत्यु भएको थियो भने अरु १० जना घाइते भएका थिए। सो गोलीकाण्डमा परी घाइते भएका थप एकजनाको सोमबार निधन भएपछि सो काण्डमा परेर ज्यान जानेको संख्या ११ पुगेको समाचारमा जनाइएको छ। अमेरिका शहर क्यालिफोर्नियाको उक्त शहरमा स्थानीय समुदायले 'लुनार नयाँ बर्ष' मनाइरहेका बेला मोन्टेरे पार्कमा रहेको एक नृत्य स्थलमा बन्दुकधारीले गोली चलाएको प्रहरीले जनाएको छ।

शनिबार राति सो स्थानमा नाचगान भइरहेका बेला १० बजेर २० मिनेट जाँदा सो गोलीकाण्ड भएको थियो । तत्कालै सो स्थानमा प्रहरी अधिकारीहरू पुगेका र त्यस स्थानमा प्रवेश गर्दा केही मृतक र घाइतेहरू घटनास्थलमा छरिएर रहेका थिए।

महासचिव गुटरेसका प्रमुख प्रवक्ता स्टेफान डुजारिकले दिएको जानकारीअनुसार महासचिव



गुटरेसले सो दुर्घटनामा परेर ज्यान गुमाउनेहरुप्रति श्रद्धाञ्जली

व्यक्त गरेका छन र उनीहरुका परिवारलाई समवेदना व्यक्त गरेका छन।

महासचिव गुटरेसले यस्ता घटना दाहोरिन नदिन सबै सचेत हुनुपर्ने भन्दै यस्ता हत्यामा संलग्नहरुलाई कानुनी कारबाहीका दायरामा ल्याउनुपर्ने पनि बताएका छन।

सो स्थानबाट शंकास्पद आक्रमणकारी घटनास्थलबाट भागेकोले भन्दै प्रहरीले उसलाई तुरुन्तै पछ्याएको थियो । लस एन्जलसशहरबाट करिब १३ किलोमिटर पूर्वमा रहेको मोन्टेरी पार्कमा ठूलो संख्यामा एशियालीहरूको बसोबास रहेको बताइएको छ।
(रासस/सिन्हवा)

# तस्करीको आरोपमा चिनियाँ नागरिक पक्राउ



काबुल, १० माघ
तस्करी गरेको आरोपमा तालिवान प्रशासनले दुई जना चिनियाँ नागरिकसहित पाँच जनालाई पक्राउ गरेको छ । एक हजार मेट्रिक टन लिथियमयुक्त चट्टान तस्करी गरेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

चिनियाँ नागरिकले अफगानिस्तानबाट आफ्ना अफगान सहयोगीहरूमार्फत पाकिस्तान हुँदै चीनमा बहुमूल्य पत्थर तस्करी गर्ने प्रयास गरेका बताइएको छ। बहुमूल्य पत्थरसँगै उनीहरूलाई पूर्वी अफगानिस्तानको सीमावर्ती शहर जलालाबादमा गिरफ्तार गरिएको हो।

स्थानीय स्रोतका अनुसार बरामद भएका पत्थर ३० प्रतिशतसम्म लिथियम पाइन्छ। पाकिस्तानसँग सीमा जोडिएका अफगानिस्तानका नुरिस्तान र कुनारबाट गोप्यरूपमा ती पत्थर निकालिएको समाचारमा जनाइएको छ।

चिनियाँ नागरिक र उनीहरूका अफगान सहयोगीहरूले अवैध रूपमा बहुमूल्य पत्थर पाकिस्तान हुँदै चीन ढुवानी गर्ने योजना बनाएका तालिवान गुप्तचर अधिकारीहरूलाई उद्धृत गर्दै रिपोर्टरलीले जनाएको छ।

गत डिसेम्बर १२ मा एउटा होटललाई लक्षित गरी बम र बन्दुक आक्रमण हुँदा पाँच चिनियाँ नागरिक घाइते भएपछि चीन र अफगानिस्तानबीचको सम्बन्ध तनावपूर्ण बनेको छ। उक्त घटनापछि चीनले आफ्ना नागरिकलाई अफगानिस्तान छोड्न निर्देशन दिएको थियो। (रासस /एएनआई)

# असुरक्षित पोखरा रंगशाला : ज्यान जान्छ, दिनदहाडै चोरी हुन्छ

१० माघ, पोखरा। काठमाडौंबाट आएको यती एअरलाइन्सको विमान दुर्घटना भएकै दिन पोखरा रंगशालामै एकजनाको ज्यान जाने गरी अर्को 'दुर्घटना' भएको थियो।

तर, उक्त घटना विमान दुर्घटनाका कारण छायाँमा पर्‍यो।

विमान दुर्घटना भएकै दिन दिउँसो रंगशाला क्षेत्रमा घाँस काट्न गएका बेला ५९ वर्षीय पूर्णकाजी गुरुङको पनि सेती खोंचमै खसेर मृत्यु भएको थियो । स्रोतका अनुसार गुरुङको रंगशालाको पर्खाल नाघेर सेती डिलमा घाँस काट्दै गर्दा करिब २ सय मिटर तल खोंचमा खसेर मृत्यु भएको थियो। स्रोतका अनुसार समयमै उद्धार भएको भए गुरुङको ज्यान बचाउन सम्भव हुन्थ्यो । तर, खेलकुद समितिले ढिलो गरी जानकारी पाउँदा उनको मृत्यु भइसकेको थियो । 'जानकारी आएपछि म आफैं घटनास्थल पुगेको थिएँ। २ सय मिटर जति तल खसेका रैछन् । जानकारी भएको भए छिटो उद्धार गर्न सक्ने सम्भावना थियो,' राष्ट्रिय खेलकुद परिषद्का बोर्ड सदस्य राजेश गुरुङ स्वीकार्छन्।

मान्छेको ज्यानै जाँदा पनि समयमै थाहा पाउन नसक्नुले रंगशालाको सुरक्षा व्यवस्था र व्यवस्थापन छर्लङ हुन्छ।

पोखरा रंगशालाको व्यवस्थापन तथा सुरक्षामा ध्यान नदिँदा अहिले त्यहाँ भएका अधिकांश



शौचालयका धारा चोरी भएका छन् । यसको श्रृंखला २२ औं संस्करणको आहारारा पोखरा गोल्डकपदेखि सुरु भएको थियो । आहारारा पोखरा गोल्डकप खेलका दौरान रंगशालास्थित फुटबल स्टेडियमका शौचालयबाट ११ वटा धाराका टुटी चोरी भएको थियो।

रंगशाला व्यवस्थापनको जिम्मा खेलकुद परिषद्लाई नै हुन्छ । परिषद्ले खटाएका कर्मचारीले नै मुख्य द्वारसहित अन्य ढोका खोल्ने जिम्मा लिएका हुन्छन् । तर, खेलका दौरान सम्पूर्ण जिम्मेवारी भने आयोजकले नै व्यहोर्नुपर्छ।

'आहारारा गोल्डकपको समयमा ११ वटा धाराको टुटी चोरी भएछ । पछि आयोजक सहाराले नै त्यसको खर्च व्यहोर्‍यो,' सहारा क्लबका प्रतिनिधि सुदर्शन रञ्जितले भने, 'हराएका टुटी फेरि जडान गर्दा २३ हजार रुपैयाँ जति खर्च लाग्यो।'

अहिले रंगशालास्थित भलिबल कोर्टमा तेस्रो टाइगर कप सञ्चालन भइरहेको छ । कोर्ट नजिकै रहेका महिला तथा पुरुष दुवै शौचालयबाट पनि २ दर्जन बढी धाराका टुटी गायब छन् । जसका कारण त्यहाँ पुगेका दर्शक तथा आयोजकसमेतले सास्ती खेप्नु परिरहेको छ।

प्रदेश खेलकुद परिषद्ले त्यहाँ शौचालय बनाइदिएको थियो । त्यहाँ रहेको महिला तथा पुरुष दुवै शौचालयका धाराका टुटी चोरी भइसकेका छन् । रंगशाला व्यवस्थापन पक्षले त्यहाँबाट कहिले धाराका टुटी हराएको भन्ने भेउ नै पाउन सकेको छैन। 'मैले पनि हिजो (आइतबार)मात्रै चोरी भएको थाहा पाएको हुँ, कहिले चोरी भएको थाहा भएन,' जिल्ला खेलकुद परिषद्का अध्यक्ष तोरण बानियाँ भन्छन्।

रंगशालामा भएका अधिकांश बत्तीसमेत रातको समयमा बल्दैनन्। बिजुली बत्तीमै मासिक डेढलाख रुपैयाँभन्दा बढी तिरिरहेको परिषद्ले बिग्रिएका केही बत्तीसमेत मर्मत गर्न सकेको छैन, सीसीटीभी क्यामेरा त टाढाको कुरा।'हामीसँग भएको थ्रीफेज बत्ती हो । त्यो बाले पनि पैसा तिर्नुपर्ने, नबाले पनि तिर्नुपर्ने भएको छ,' राखेप बोर्ड सदस्य राजेश गुरुङ भन्छन्, 'अब यहाँ भएका खेलकुद संस्थाहरु मिलेर रातभरि उज्यालो गराउने व्यवस्था मिलाउँदैछौं।'

चौकीदारको कमी छ, थप्दै छौं : राखेप बोर्ड सदस्य राजेश गुरुङ
राष्ट्रिय खेलकुद परिषद्का बोर्ड सदस्य राजेश गुरुङले पोखरा रंगशालामा अत्याधिक चोरी र तोडफोडका घटना बढ्दै गएको स्वीकारे। उनले यसमा रंगशाला व्यवस्थापन पक्षकोमात्रै नभई इभेन्ट आयोजक, खेलाडी र खेलप्रेमी सबैमा चेतनाको कमी रहेको सुनाए।

'१३ औं सागपछि कुन दुखले रंगशाला बनायौं। यो बचाउनुपर्छ भन्ने सबैको दायित्व हो, जिम्मेवारी हो। त्यो बुझिदिएनन्,' गुरुङले अनलाइनखबरसँग भने, 'रंगशालामा १७-१८ वटा शौचालय छ । सबैमा केही न केही हराएको छ, कहीं तोडफोड भएको छ।'

बोर्ड सदस्य गुरुङका अनुसार रंगशाला हेरचाह गर्न चौकीदारको कमी छ । अहिले रंगशाला व्यवस्थापनका लागि ३ जना कर्मचारी खटिएका छन् । तर, कार्यव्यस्तता अनुसार सबै ठाउँमा हेर्न नभ्याउने भएकाले थप कर्मचारी माग गरिएको उनले जानकारी दिए।

'अहिले बिहान ५ बजेदेखि २ बजेसम्म एउटाले त्यसपछि साँझसम्म एउटा र पछि अर्कोले हेर्ने सिफ्ट बनाएका छौं । तर, सबैले सबैतिर हेर्न भ्याउँदैनन्,' गुरुङले भने, 'अहिले सदस्य सचिवसँग थप २ जना चौकीदार थप्न माग गरेको छु। छलफल चलिरहेको छ।'

तत्कालका लागि रंगशालाको सुरक्षाका लागि लाहुरे भर्तीको तयारी कक्षा चलाउने कम्पनीहरुसँग सल्लाह गरिरहेको गुरुङले जानकारी दिए । त्यसबाहेक रंगशाला प्रवेशमा पनि समय तालिकाको नियम बनाउन लागेको उनले सुनाए।

'अब जाडोमा ५ र गर्मीमा ७ बजेपछि रंगशाला गेट बन्द हुन्छ। मान्छे आउजाउ गरे पनि सवारी साधन पूर्ण रुपमा बन्द गर्ने भनेका छौं,' गुरुङले भने, 'यो सबै रंगशालाको संरचना जोगाउनलाई नै हो । त्यस्तो केही भइहाल्यो भने नजिकै प्रहरी चौकी छ, हामी सहकार्य गर्छौं।'

रंगशालामा लुकिछिपी घाँस काट्न आउँदा विभिन्न समयमा दुर्घटना भइरहेको भन्दै गुरुङले व्यवस्थापनलाई जानकारी दिएर मात्रै घाँस काट्न जान आग्रह गरे। 'हाम्रो यहाँ सफा गर्नैपर्छ। त्यसका लागि यहाँको हाकिमसँग अनुमति लिएर जाने हो । गेटमाथि चढेर, तारजाली नाघेर आउन होइन,' उनले भने।
अनलाईन खवर

# इस्टोनियाद्वारा रुसी राजदूत निष्कासित

टालिन, १० माघ
इस्टोनियाले रुसी राजदूतलाई निष्कासन गरेको छ । रुसले इस्टोनियाली राजदूतलाई निष्कासन गरेको बदलामा इस्टोनियाले त्यसो गरेको हो।

रुसी पक्षको निर्णयको प्रतिक्रियास्वरूप एस्टोनियाले पनि रुसी राजदूतलाई देश छाड्न आग्रह गरेको इस्टोनियाका विदेशमन्त्री उर्मास रेइन्सालुले बताउनुभएको छ । रुसले इस्टोनियाली राजदूतलाई निष्कासन गर्दै इस्टोनियाको कूटनीतिक प्रतिनिधित्वलाई राजदूतभन्दा तल्लो तहमा झारेको घोषणा सोमबार गरेको थियो । विदेशमन्त्री रेइन्सालुले समानताको सिद्धान्तमा इस्टोनियाका लागि रुसका राजदूतले यही माघ २४ गते स्वदेश फर्कने जानकारी दिए । साथै इस्टोनियाले रुसलाई तालिनमा रहेको आफ्नो दूतावासमा कूटनीतिक कर्मचारीको सङ्ख्या यही माघ १ गतेदेखि आठमा सिमित गर्न आदेश दिएको छ । मस्कोमा पनि अठ जनामात्र इस्टोनियाली कूटनीतिज्ञ रहने तालिनले स्पष्ट गरेको छ ।



यसैबीच, छिमेकी इस्टोनियासँग ऐक्यबद्धता जनाउँदै लात्भियाले पनि रुसबाट आफ्नो राजदूत फिर्ता बोलाएको छ । लात्भियाका विदेशमन्त्री एडगरस रिन्केभिक्सले आफ्नो देशले र रुससँगको कूटनीतिक सम्बन्धलाई यही माघ २४ गतेदेखि लागू हुनेगरी राजदूतभन्दा एकतह मुनिको कूटनीतिक कर्मचारीको स्तरमा झारेको बताएका छन । (रासस /सिन्ह्वा)

# युक्रेनलाई युरोपेली संघको सैन्य सहयोग



ब्रसेल्स, १० माघ
युरोपेली सङ्घले युक्रेनलाई ५० करोड युरो बराबरको सैन्य सहयोग उपलब्ध गराउने भएको छ । सङ्घमा आवद्ध देशका विदेशमन्त्रीको सोमबार भएको बैठकले उक्त रकम बराबरको सैन्य सहायता उपलव्ध गराउने निर्णय गरेको हो।

युक्रेनी सेनाको तालिमका निम्ति चार करोड ५० ला युरो बराबरको सहायता प्रदान गर्न सङ्घ सहमत भएको विदेश मामिला प्रमुख जोसेप बोरेलले बैठकपछि आयोजित पत्रकार सम्मेलनमा बताउनुभयो।

सङ्घले युक्रेनलाई उपलब्ध गराउने यो सैन्य सहयोगको सातौँ खेप हुनेछ। युक्रेनलाई सर्वाधिक सहायता प्रदान गर्ने युरोपेली सङ्घ भएको छ। सङ्घको सहयोग ५० अर्ब युरोको हाराहारीमा पुगेको छ । पश्चिमा देशले युक्रेनलाई हतियार उपलव्ध गराएर द्वन्द्व समाधान नहुने बरु त्यो अझ लम्बिने र त्यसले युक्रेनी जनताको दुःखकष्ट बढाउने रुसले बताउँदै आएको छ । बैठकमा इरानको वर्तमान अवस्था तथा विभिन्न उच्च सङ्घसंस्था, प्रतिनिधिसहित ३७ जना इरानी अधिकारीमाथि चौथो चरणको प्रतिबन्ध लगाउने सम्बन्धमा पनि छलफल गरेको छ । (रासस/सिन्ह्वा)

# चुरोट बिक्री प्रतिबन्ध

इस्लामावाद, १० माघ
त्रियानब्बे प्रतिशत पाकिस्तानी चुरोट बिक्री प्रतिबन्धको पक्षमा रहेका एक अध्ययनले देखाएको छ।

देशभरका वयस्क पुरुष र महिलाका राष्ट्रिय प्रतिनिधिमाझ हालै गरिएको एक सर्वेक्षणले ९३ प्रतिशत पाकिस्तानीले चुरोटको बिक्रीमा प्रतिबन्ध लगाउनुमा सहमति जनाएका देखाएको हो। ग्यालप र गिलानी सर्वेक्षणमा सहभागीमध्ये सात प्रतिशतले चुरोटको बिक्रीमा प्रतिबन्ध लगाउन नहुने जवाफ दिएका छन् । शहरी क्षेत्रका तीन प्रतिशतभन्दा बढी चुरोटको बिक्रीमा प्रतिबन्ध लगाउने पक्षमा उभिएका प्रतिवेदनमा उल्लेख छ । चुरोट बिक्रीमा प्रतिबन्ध लगाउने मानिसहरूको सबैभन्दा बढी प्रतिशत देशको पूर्वी पञ्जाब र दक्षिणी सिन्ध प्रान्तका छन्।

उत्तरपश्चिमी खैबर पख्तुनख्वाबाट ९३ प्रतिशतले पनि चुरोटको बिक्रीमा प्रतिबन्ध लगाउनु पर्ने जवाफ दिएका छन् । दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तका ८७ प्रतिशत मानिसले पनि सिगरेटको बिक्रीमा प्रतिबन्ध लगाउनु पर्ने बताएका छन् । (रासस /सिन्ह्वा)

जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

कमला नगरपालिका
धनुषा, मधेश प्रदेश

जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

मुखियापट्टी मुसहरनीया गाउँपालिका
धनुषा, मधेश प्रदेश

# बीरगंजमा बालबालिकालाई कोभिड विरुद्धको फाईजर खोज लगाउन शुरु



मधेशदृष्टि
वीरगञ्ज १० माघ। स्वास्थ्य मन्त्रालयको निर्देशन र जिल्ला खोप समन्वय समितिको निर्णय बमोजिम वीरगञ्जमा सोमबारबाट बालबालिकाका लागि कोभिड १९ विरुद्धको फाइजर खोप लगाउन सुरु गरिएको छ।

५ वर्ष देखि ११ वर्षसम्मका बालबालिकाका लागि हरेक वडामा खोप केन्द्रमार्फत कोभिड विरुद्धको फाइजर खोप लगाउन सुरु गरिएको हो।

स्वास्थ्य मन्त्रालयले वीरगञ्जका लागि ८ हजार भाइल फाइजर खोप पठाएको छ। मन्त्रालयको निर्देशन अनुसार बीरगंज महानगरपालिकाको समन्वयमा माघ ९ गतेबाट बालबालिकालाई खोप लगाउन थालिएको महानगरपालिकाका स्वास्थ्य महाशाखा प्रमुख रितेश जयसवालले बताए।

कोभिड संक्रमण नियन्त्रणका लागि बालबालिकालाई फाइजर खोप लगाउन पर्ने भएकाले खोप अभियान नरोक्न प्रमुख जिल्ला अधिकारीकारी नेतृत्वको जिल्ला खोप समन्वय समितिले निर्देशन दिएपछि महानगरले समन्वय गरेर खोप अभियान अघि बढाएको हो।

स्वास्थ्य मन्त्रालयले दिएको खोप समन्वय समितिको निर्णय बमोजिम संचालन गरिएको महानगरका स्वास्थ्य महाशाखा प्रमुख जयसवालले प्रष्ट पार्नुभयो। बाहिर खोपको म्याद गुज्रेको भन्ने भ्रम छरिएको हुँदा त्यसबाट मुक्त भई सबै अभिभावकले आ-आफना बालबालिकालाई खोप लगाउन आग्रह गरे।

विश्व स्वास्थ्य संगठन तथा विशेषज्ञहरुको रायबाट यो अभियान चलेको भन्दै यसमा कोही पनि भ्रमित नहुन र खोप लगाउने कार्यमा बालबालिकालाई सहभागिता गराउन जयसवालले अभिभावकलाई आग्रह गर्नुभयो।

अहिले जिल्ला स्वास्थ्य कार्यालय पर्साको समन्वयमा जिल्लाको वीरगञ्ज महानगरसहित १४ वटै स्थानीय तहमा खोप अभियान संचालन गरिएको छ।

बीरगंज महानगरमा मात्रै सोमबार र मंगलबार गरी दुई दिनमा ८ हजार बालबालिकालाई खोप लगाईएको छ।

# करोडौंको खुद्रा सामाग्री बोकेका ट्रक र पिकअप प्रहरीद्वारा नियन्त्रण




मधेशदृष्टि
बीरगंज १० माघ।
बिल बिजक भन्दा २ करोड १२ लाख ९२ हजार भन्दा बढीको खुद्रा सामाग्री तथा लत्ताकपडाहरु लोड गरेका २ वटा ट्रक र एक पिकअप भ्यान पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ।

बिल विजक भन्दा बढी खुद्रा तथा विभिन्न किसिमका लत्ताकपडाहरू लगायतका सामानहरू बोकेको ट्रक वीरगञ्जबाट काठमाण्डौतर्फ गईरहेको छ भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको गस्ती टोलीले गएराति वीरगंज महानगरपालिका वडा नम्बर २६ चण्डालचोक स्थित सडकखण्डबाट विआर ०५ जि ९४९१ नम्बरको पिकअप, ना.५ ख ३८४७ नम्बरको मालवाहक ट्रक र बीरगंज महानगरपालिका वडा नम्बर १० आदर्शनगर स्थित सडकखण्डबाट बा.प्र.०३-००१ ख १२६४ नम्बरको मालवाहक ट्रकलाई रोकेर चेकजाँच गर्ने क्रममा विल विजक शंकास्पद रहेपछि दुई वटा ट्रक र पिकअप गाडीलाई नियन्त्रणमा लिईएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक गिरीले जानकारी दिएका छन।

के. ईन्टरप्राइजेज ट्रासपोर्ट, वि.एस. इन्टरनेशनल ट्रान्सपोर्टबाट पठाईएको ट्रकमा विल बिजक संकास्पद देखिएको हुँदा उक्त ट्रकहरू तथा पिकअप नियन्त्रणमा लिई चेकजाँच गर्दा २ करोड १२ लाख ९२ हजार ४ सय ५२ रुपैया बराबरको खुद्रा समान तथा विभिन्न किसिमका लत्तकपडाहरु फेला परेपछि थप अनुसन्धानका लागि मंगलवार २ वटा ट्रक र पिकअप भ्यान राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रवक्ता गिरीले बताए।

# मधेश प्रदेशमा ६ महिनामा ३ सय ९ जनाको दुर्घटनामा मृत्यु

मधेशदृष्टि
बीरगंज १० माघ। चालु आर्थिक बर्षको ६ महिनामा मधेश प्रदेशका ८ जिल्लामा सवारी दुर्घटनामा परि ३ सय ९ जनाको ज्यान गएको छ।

दुर्घटनामा सबै भन्दा बढी ६५ जनाको बारामा मृत्यु भएको छ भने सबै भन्दा कम पर्सा जिल्लामा २२ जनाको मृत्यु भएको प्रदेश ट्राफिक कार्यालय पथलैया बाराले जनाएको छ। सवारी दुर्घटना न्यूनीकरण गर्न मधेस प्रदेशका वारा, पर्सा, रौतहट सहित आठ वटै जिल्लामा विशेष अभियान चलाएको मधेश प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैया बाराले चालु आर्थिक वर्ष २०७९/८० को ६ महिनामा एक लाख ४६ हजारभन्दा बढी सवारी साधन कारबाही गरेको छ। ट्राफिक नियम उल्लंघन सहित विभिन्न कसुरमा एक लाख ४६ हजार एक सय ८० वटा सवारी साधनलाई कारबाही गरिएको मधेश प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं ट्राफिक प्रहरी उपरीक्षक सन्तोषकुमार भट्टराईले जानकारी दिए। सवारी साधानको कारबाहीबाट १० करोड ७७ लाख १५ हजार पाँच सय रुपैया राजस्व सङ्कलन पनि भएको मधेस प्रदेश ट्राफिक कार्यालय पथलैया बाराले जनाएको छ। ट्राफिक प्रहरीले हाल राजमार्गमा जडान गरिएको सिसिटिभी र राडर स्पिड गनबाट सवारी साधनको गति निगरानी गरिरहेको छ। मधेस प्रदेश ट्राफिक कार्यालय पथलैयाका अनुसार तीव्र गतिमा चलाएका दुई हजार ६ सय ६४ वटा कार-जिप कारबाहीमा परेका छन्। साथै यात्रुबाहक बस, मिनिबस र सुमो आठ सय २१ वटा, मोटरसाइकल तीन सय ४९ वटा र मालबाहक ट्रिपर, ट्रक र ट्र्याक्टर तीन सय २५ वटा गरी चार हजार एक सय ५९ वटा सवारी साधन कारबाहीमा परेको कार्यालय प्रमुख प्रहरी उपरीक्षक सन्तोषकुमार भट्टराईले जानकारी दिनुभयो। क्षमताभन्दा बढी यात्रु बोक्ने, तीव्र गतिमा सवारी चलाउने, बिना हेलमेट र तीन जना सवार भइ मोटरसाइकल चलाउने प्रवृति बढेकाले राजमार्ग तथा अन्य सहायकमार्गमा सवारी चेकजाँचमा कडाइ गरिएको भट्टराईले बताए।

# पोखरीयामा निशुल्क आंखा शिविर



मधेशदृष्टि
वीरगंज १० माघ। लायन्स क्लब अफ वीरगञ्ज सेन्ट्रल सिटी, वीरगञ्ज सामुदायिक आँखा अस्पताल र पोखरीयानगरपालिकाकोसहकार्यमा मंगलवार पोखरीया नगरपालिकाको वडा नं. ९ मा निःशुल्क आँखा चेकजाँच शिविर सम्पन्न भएको छ। पोखरीया नगरपालिका वडा नम्बर ९ का अध्यक्ष नौशाद आलमको सभापतित्वमा सम्पन्न शिविरमा १८२ जनाको आँखा परिक्षण गरिएको थियो। ति मध्ये ७२ जनामा मोतियाबिन्दुको समस्या देखिएको लायन्स क्लव अफ बीरगंज सेन्ट्रल सिटीकी अध्यक्ष सलमा खातुनले बताए।

मोतियाविन्दु देखिएका विरामीहरुको आगामी माघ १४ गते शनिबार निःशुल्क शल्यक्रिया गरिने वीरगञ्ज सामुदायिक आँखा अस्पतालका महेश सिंह धामीले बताए। कार्यक्रममा गुड्डी जोशी, विजय कुशवाहा, क्लबकी कोषाध्यक्ष सुशिला साह, डा. लक्ष्मी थापा लगायतको उपस्थिति रहेको थियो।

# प्रहरी दिवसको अवसरमा शहिदहरुलाई सम्मान

मधेशदृष्टि
वीरगंज १० माघ। २२ औँ सशस्त्र प्रहरी दिवसको अवसरमा बारामा अमर सहिदहरूलाई सम्मान गरिएको छ। सशस्त्र प्रहरी बल, नेपाल नं.१२ गण हेड क्वाटर उत्तरझिटकैया बाराद्वारा मंगलवार आयोजित कार्यक्रममा अमर शहिदहरुप्रति शोक सलामी ब्यक्त गर्दै पुष्प गुच्छाले सम्मान गरिएको हो। बाराका प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद कटुवालले अमर सहिदहरूको फोटोमा पुष्प गुच्छा अर्पण गरेका थिए। अमर सहिदका परिवारजनहरूलाई कार्यक्रममा दोसल्ला ओढाई सम्मान गरिएको थियो।

त्यस्तै २२ औँ सशस्त्र प्रहरी दिवसको अवसरमा आयोजित प्रतियोगिताको विजेतालाई मेडल, प्रमाणपत्र र उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरीलाई प्रशंसा पत्र प्रदान गरिएको सशस्त्र प्रहरी बल, नेपाल नं.१२ गणका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरिक्षक अमर खत्रीले जानकारी दिए।

# गजेन्द्रनारायण सिंहको २१ औ जन्मजयन्ती मनाईयो



मधेशदृष्टि
जनकपुरधाम,१० माघ। रौतहट जिल्लाको गजेन्द्रनारायण सिंह अस्पताल परिसरमा मंगलबार गजेन्द्रनारायण सिंह प्रतिष्ठानले गजेन्द्रनारायण सिंहको २१औं जन्मजयन्ती मनाएको छ।

कार्यक्रममा प्रमुख अतिथिका रुपमा बोल्दै पूर्वमन्त्री तथा लोकतान्त्रिक समाजवादी पार्टीका बरिष्ठ नेता अनिलकुमार झाले गजेन्द्रबाबुले मधेसीको समान अधिकारका लागि जीवनभर लडेको बताए। उनले जनसंख्याको आधारमा निर्वाचन क्षेत्र बनाउन सिंहको महत्वपुर्ण योगदान रहेको वताउदै धोतीलाई राष्ट्रिय पोशाकका लागि संसददेखि सडकसम्म लडेर पहिचान दिलाउन सफल भएको बताए।

कार्यक्रममा विशेष अतिथिका रुपमा बोल्दै हिन्दी भाषाका अभियानी तथा लोकतान्त्रिक समाजवादी पार्टीका नेता रमण पाण्डेले गजेन्द्रबाबुको संघर्षले मधेशी गणतन्त्र नेपालको पहिलो राष्ट्रपति र उपराष्ट्रपति बनेको बताए।

उनले गजेन्द्रनारायण सिंहको अधुरा सपना पूरा गर्नु नै उहाँको सच्चा श्रद्धाञ्जली हुने धारणा राखेका थिए। कार्यक्रममा विजय साह, शम्भु जैसवाल, मो.जमशेद लगायतले आ आफ्नो धारणा राखेका थिए। कार्यक्रमको संचालन धनंजय मिश्रले गरेका थिए।

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रमावित पारेको छ। त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं।

बटेश्वर गाउँपालिका
धनुषा, मधेश प्रदेश

## बिक्रीमा

११ x १६ अफसेट मशीन - १ थान
१५ x २० अफसेट मशीन - १ थान
३६'' कट्टीङ्ग मशीन - १ थान
परफेट्टीङ्ग मशीन - १ थान
कम्प्यूटर सेट - १ थान

सम्पर्क नं.:
9854020791, 9854021791

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रमावित पारेको छ। त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं।

गणेशमान चारनाथ नगरपालिका
धनुषा, मधेश प्रदेश

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल